

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



kirloskar
Oil Engines




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ असार १७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 01 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०३


# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न फुक्यो बाधा अड्चन

प्रस, निजगढ, १६ असार/

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल




तस्वीरः सौजन्य

निर्माण गर्न गत जेठ १२ गते सर्वोच्च अदालतले रोक लगाउने गरी गरेको निर्णयलाई सच्चाउँदै हिजो बुधवार सुझावसहित सकारात्मक पूर्णपाठ आएको छ । सर्वोच्च अदालतको हिजो आएको पूर्णपाठ सकारात्मक र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न पुनः मार्गप्रशस्त भएको भन्दै निजगढ सार्वजनिक सरोकार समिति र स्वतन्त्र युवा तथा विद्यार्थी सरोकार समितिले निरन्तर गर्दै आइरहेको विभिन्न सङ्घर्षका कार्यक्रमसँगै रिले अनशन तोडिएको छ । २४औं दिनसम्म चलेको रिले अनशनमा बसेकाहरूलाई पूर्व खेलकूदमन्त्री पुरुषोत्तम पौडेलले जुस खुवाएर अनशन तोडाएका थिए ।

पूर्वमन्त्री पौडेलले भने, "अन्त्यमा सत्यको जीत हुनेमा आफू र समग्र विकासप्रेमी, न्यायप्रेमी जनसमुदाय आशावादी रहेको बताउँदै सर्वोच्च अदालतबाट हिजो आएको पाँच बुँदे निर्देशनात्मक निर्णयसहितको पूर्णपाठको स्वागत गर्छौं ।" बृहत्तर सङ्ख्यामा रोजगार सिर्जना गर्ने र मुलुकको समृद्धिसँग जोडिएको कुनै पनि विकास आयोजनालाई गम्भीरतापूर्वक लिएर सकारात्मक निकास दिनुपर्ने भन्दै आगामी दिनमा यस्ता खाले समस्याहरू हटेर जानुपर्ने पनि उनले जिकिर गरे ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदार माग गर्दै सङ्घर्ष समितिले सडक सङ्घर्ष र रिले अनशन गर्दै आए पनि समितिले प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमाले अध्यक्ष केपीशर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलगायत विभिन्न दलका शीर्ष नेता, मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीलगायत प्रदेशका मन्त्रीहरूलाई समेत निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएको थियो । पछिल्लोपटक बारा, पर्सा, रौतहट, सर्लाही जिल्लाका स्थानीय तहका प्रमुखहरूलाई समेत विमानस्थलका लागि एकजुट हुन समितिले आग्रह गर्दै आएको थियो ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण नगर्ने गरी सर्वोच्च अदालतबाट पूर्णपाठ आएको भए सोको प्रतिकार गर्दै कडा सङ्घर्षको घोषणा गर्ने तयारी भइरहेको निजगढ सार्वजनिक सरोकार समितिका संयोजक एकबहादुर श्रेष्ठ र स्वतन्त्र युवा तथा विद्यार्थी सरोकार समितिका संयोजक जयराम कुमरले जानकारी दिए । सर्वोच्चको पूर्णपाठले हामीलाई मात्र होइन, समग्र मुलुकलाई नै खुशी तुल्याएको उनीहरूले बताए ।

सर्वोच्च अदालतको पूर्णपाठमा विमानस्थल निर्माणका लागि पुनः सम्भाव्यता अध्ययन गरी योजना बनाउन सरकारलाई निर्देशन दिएको छ । विमानस्थल निर्माण गर्दा पर्यावरणमा कमभन्दा कम क्षति हुनेगरी आवश्यकताभन्दा बढी रूख नकाट्न र वनको क्षेत्र प्रयोग नगर्न पनि निर्देशन गरेको छ । बृहत् पूर्ण इजलासमा रहेको सो मुद्दामा न्यायाधीश ईश्वर खतिवडाको रायमा विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमान सिंह राउत एकमत भएका थिए भने वरिष्ठतम न्यायाधीश हरिकृष्ण कार्कीको रायमा न्यायाधीश मनोजकुमार शर्मा सहमत भएका थिए ।

वरिष्ठतम न्यायाधीश हरिकृष्ण कार्कीले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नका लागि यी राय दिएका छन् ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि छनोट भएको बारा जिल्लाको निजगढको प्रस्तावित निर्माणस्थलभन्दा दक्षिणतर्फको सरकारी स्वामित्वको खाली जमीन र सोसँग जोडिएका व्यक्तिगत जग्गाहरूसमेतलाई जोडेर वा सो आसपासको वनक्षेत्र कम भएको अन्य स्थान टाँगियाबस्ती रहेको क्षेत्र वा सोही इलाकाको अन्य उपयुक्त स्थानसमेतको सम्भाव्यता अध्ययन गरी आवश्यक हुने क्षेत्रफल बराबरको जमीनको पहिचान गरी हाल यथावत्‌रूपमैं कायम राख्नेतर्फ पहिलो प्राथमिकता दिई अध्ययन गर्नु गराउनु भनिएको छ ।

त्यसैगरी, उल्लिखित विकल्प अनुसारको क्षेत्रमा प्राविधिक वा अन्य कारणबाट विमानस्थल निर्माणको लागि उपयुक्त हुने नदेखिएमा हाल प्रस्तावित क्षेत्रमा विमानस्थलको लागि चाहिने क्षेत्रफल यकीन गरी पुनः कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गरी विमानस्थल निर्माणको लागि नभई नहुने आधारभूत निर्माणका लागि न्यूनतम वनक्षेत्रको जग्गा मात्र समावेश हुनेगरी निर्माणस्थल कायम गर्नु गराउनु दोस्रो राय दिएका छन् ।

त्यसैगरी, विमानस्थल निर्माणका लागि उपयुक्त स्थान निर्धारण भएपछि सो क्षेत्रमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने पर्याप्त व्यवस्था गर्नु र प्रभावित हुने देखिएका आश्रित वन्यजन्तुको वासस्थान, विचरण तथा अन्य गतिविधिलाई असर नपुग्नेगरी उपयुक्त पूर्वाधारको निर्माण र विकास गरी वन्यजन्तु संरक्षणको उचित व्यवस्था गर्नु तेस्रो रायमा सुझाव दिएका छन् ।

त्यसैगरी, विमानस्थल निर्माणका लागि रूखबिरुवा रोप्ने, संरक्षण गर्ने र हुर्काउनेसमेतको व्यवस्थापन गर्नु चौथो रायमा भनिएको छ ।

त्यसैगरी, विमानस्थल निर्माणको क्रममा प्रस्तावित विमानस्थल शहरको स्थापना तथा विस्तारका लागि वनक्षेत्रको प्रयोग नगर्नु नगराउनु पाँचौं राय दिएका छन् ।

सर्वोच्च अदालतका पाँचजना न्यायाधीशले यही जेठ १२ गते विकासप्रेमी, आर्थिक समृद्धि, वार्षिक २० लाखले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा पाउने रोजगारविरुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न अन्य स्थानको खोजी गर्न निर्णय सुनाएसँगै अन्योलता थपिदिएका थिए । निर्णय सुनाएसँगै तराई-मधेसको निजगढ भएर राजधानी काठमाडौंसँग जोडिने द्रुतमार्गसमेत यस निर्णयले प्रभावित हुने जानकारहरूको भनाइ छ । जुन उद्देश्यका साथ द्रुतमार्ग, आर्थिक विकास क्षेत्र (सेज) निर्माण भइरहेको छ, यसमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल तुरुन्तै सञ्चालनमा आउनुपर्ने परिस्थिति सिर्जना

(बाँकी पाँचौं पातामा)

# सूर्य नेपाल मधेस प्रदेशको उत्कृष्ट प्रतिष्ठानबाट सम्मानित

प्रस, वीरगंज, १६ असार/

जीतपुरसिमरा उपमहानगरपालिकामा रहेको सूर्य नेपाल प्रालि मधेस प्रदेशको व्यवस्थापनजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट व्यवस्थापन तथा अभ्यास गर्ने प्रतिष्ठानको रूपमा सम्मानित भएको




तस्वीरः प्रतीक

उत्कृष्ट प्रतिष्ठानबाट सम्मानित भएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवस्थापन सुरक्षा विभागले बिहीवार कार्यक्रमको आयोजना गरी मधेस प्रदेशको उत्कृष्ट प्रतिष्ठान सम्मानबाट सूर्य नेपाललाई सम्मानित गरेको हो ।

विभागले गरेको सर्भेमा मधेस प्रदेशका प्रतिष्ठानमध्ये सूर्य नेपाल उत्कृष्ट प्रतिष्ठानबाट सम्मानित भएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले सूर्य नेपाल प्रालिका इन्जिनीयर दिनेश गौडाललाई सम्मानपत्र प्रदान गरेका थिए । विभागले मधेस प्रदेशका सबै प्रतिष्ठानको व्यवस्थापनजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सर्भे गरेको थियो । सो सर्भेमा सूर्य नेपाल उत्कृष्ट घोषित भएपछि पुरस्कृत गरिएको हो ।

# मल अभावमा पर्साको ग्रामीण भेगमा रोपाइँ शुरू

ओमप्रकाश चौधरी, सेढवा, १६ असार/

तीन दिनदेखि भइरहेको वर्षाले पर्साको ग्रामीण भेगमा रोपाइँ शुरू भएपनि रासायनिक मलको हाहाकार यथावत् छ ।

सोमवारदेखिको वर्षाले ग्रामीण भेगमा वर्षेबाली धानको रोपाइँ शुरू भएको छ । ब्याडमा बीउ हाल्ने समयमा पटक-पटक परेको पानीको कारणले रोपाइँका लागि बीउ तैयार नभए पनि कम उम्रेको बीउबाट नै रोपाइँ शुरू भएको छ । आकाशे पानीको सदुपयोग गर्दै किसानहरूले रोपाइँ शुरू गरेका छन् तर रासायनिक मल पाउने-नपाउनेबारे किसानहरू चिन्तित छन् । रोपाइँको समयमा डिएपी, युरिया र पोटास रासायनिक मलको आवश्यकता पर्छ । तर नेपाली बजारमा रासायनिक मल उपलब्ध नहुँदा किसानहरू निराश भएका छन् । स्थानीय कृषि सहकारी संस्थाबाट थोरै डिएपी मल पाएको किसानहरूले गुनासो गरेका छन् ।

जीराभवानी गाउँपालिका-५ अन्तर्गत शङ्करसरैया, सखुवनिया, हरैयामा एक संस्थाले प्रतिकिसान १२ किलो डिएपी मल वितरण



तस्वीरः प्रतीक

गरेको किसानहरूले गुनासो गरेका छन् ।

त्यस्तै, पटेर्वासुगौली गापा-२ बेलवाका रामपूजन चौधरीले स्थानीय एउटा संस्थाले प्रतिकिसान २५ किलो डिएपी मल वितरण गरेको बताए। आवश्यकताभन्दा निकै कम त्यसमा पनि डिएपी मल पाएकाले किसानहरू निराश भएको चौधरीले बताए । रोपाइँको समयमा डिएपी, युरिया र पोटास गरी नौ बोरा मल आवश्यकता पर्छ तर २५ किलो मलबाट के गर्ने भन्दै चौधरीले चिन्ता व्यक्त गरे । धानबाली रोपाइँको समयमा प्रतिकट्ठा साढे दुई किलो डिएपी, दुई किलो युरिया, डेढ किलो पोटास कम्तीमा आवश्यकता पर्छ ।

त्यस्तै, जगरनाथपुर गापा-३ खलुवडीका किसान अलि अहमद मियाँले रासायनिक मलको अभाव भएपनि दुई कित्ता खेतमा रोपाइँ गरेको बताए । मलको आशा गर्दै उनले मल आएपछि छर्ने बताए ।

(बाँकी पाँचौं पातामा)

# निजगढका अधिकांश सोलार बत्ती बल्दैनन्

जीतलाल श्रेष्ठ, निजगढ, १६ असार/

निजगढ नगरपालिका-९ खानेपानी संस्था जाने सडकनजीकै राजमार्गको छेउमा जडान गरेको एक सोलार बत्तीमा सोमवार दिउँसो एक्कासि आगो उत्पन्न हुँदा स्थानीय त्रसित हुन पुगे । करीब २०-२५ मिनेटसम्म सोलार बत्तीको ब्याट्री पड्कँदै आगोको मुस्लो निस्किरहँदा स्थानीयहरू आगलागी बढ्ने त्रासमा थिए ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गको निजगढ सडकखण्डमा निजगढ नगर विकास कोषको रकमबाट जडान गरिएका अधिकांश सोलार बत्तीहरू बल्न छोडेका छन् । २०७२ फागुन ११ गते निजगढ नगरपालिका कार्यालयद्वारा टेन्डर गरी जडान भएका अधिकांश सोलार बत्ती जडान भएको ५-७ महीनापछि समस्या आउन थालेको थियो।



सोलार बत्तीमा आगो लाग्दै ।

सामान्य मर्मतपछि बल्ने गरे पनि त्यसपछि सो बत्तीहरू क्रमशः निभ्दै जान थाले ।

सौर्य इनर्जी प्रालिले पोलसहित सोलार बत्ती एक थान एक लाख एक हजार नौ सय रुपियाँमा ठेक्का पाई जडान गरेको थियो। अहिले अधिकांश सोलार बत्तीमा एक्कासि आगो लाग्ने त, कहिले बत्ती नै नबल्ने समस्या छ। केही बत्ती बले पनि मधुरो बल्ने र ४/५ घण्टामैं निभ्ने गरेको सोलार बत्ती आसपासका स्थानीयहरूले बताए ।

चीसोयाममा घामको तापक्रम नपुगेर समस्या आउन सक्ने भएपनि अहिले गर्मीयाममा पनि केही बत्तीबाहेक अन्य बलेका छैनन् । ५० वटा सोलार बत्ती

(बाँकी अन्तिम पातामा)

# गुपचुप जलाउँदै गरेको किशोरीको शव नियन्त्रण

प्रस, पंचगावाँ, १६ असार/

पर्साको बहुदरमाई नगरपालिका-७ विश्रामपुरको छपकैया टोलस्थित श्मशानघाटमा बुधवार राति जलाउँदै गरेको एक किशोरीको शव प्रहरीले नियन्त्रणमा लिएको छ ।

विश्रामपुरका श्यामबाबूप्रसाद कलवारकी १४ वर्षीया छोरी महिमा कुमारीको शव प्रहरीले गएराति जलाउँदै गरेको अवस्थामा पर्सा प्रहरीले नियन्त्रणमा लिएको हो । शव शल्यपरीक्षणाका लागि नारायणी अस्पतालमा राखिएको छ ।

गुपचुप तरीकाले शव जलाइरहेको गाउँलेले प्रहरीमा सूचना दिएपछि ती किशोरीको आधा जलेको शरीर नियन्त्रणमा लिई अनुसन्धान थालेको पर्सा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार शङ्कास्पद मृत्यु भएको किशोरीका बुबा, दाजुभाइ र आफन्तहरू फरार छन् भने प्रहरीले मृत किशोरीकी आमा, दिदी र ठूली आमालाई नियन्त्रणमा लिएको जनाएको छ । सोधपूछका लागि तीनैजनालाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले जानकारी गराए ।

विषसेवन गरी आत्महत्या गरेकी महिमा कुमारीको शव अभिभावक र आफन्तले शल्यपरीक्षण नगरी घटना लुकाउन राति श्मशानघाटमा लगेर जलाउन थालेको खबर आएपछि अनुसन्धान थालिएको प्रनाउ कार्कीले बताए। श्मशानघाटमा प्रहरी पुग्दा शव जलाउनेहरू जल्दै गरेको शव छोडेर भागेका थिए। उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। मृतक किशोरीका छिमेकीका अनुसार महिमा गाउँकै एक युवकसँग प्रेम सम्बन्धमा रहेका कारण अभिभावकले उनलाई मानसिक र शारीरिक यातना दिंदै आएका थिए । परिवारको यातनाकै कारण महिमाले बुधवार राति विषसेवन गरी आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले जनाएको छ । शवको शल्यपरीक्षण रिपोर्ट आएपछि मात्रै मृत्युको यकीन कारण खुल्ने र त्यसैको आधारमा अनुसन्धान प्रक्रिया अगाडि बढाइने प्रनाउ कार्कीले बताए ।

श्मशानघाटबाट ना.४२प ७३९७ र ना.२१प ६८५ नम्बरका दुईटा मोटरसाइकल र प्र. ०२-००१६-७०१४ नम्बरको टेम्पो प्रहरीले नियन्त्रणमा लिएको प्रनाउ कार्कीले बताए ।

## विचारसार र सूक्तिहरू

**आफ्नो खुशी, दिमाग र जीवनको नियन्त्रण अरूको हातमा नदेऊ । आफूमाथि तिम्रो नियन्त्रण भएन भने अरूको अवश्य हुनेछ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## छेपाराको कथा

**छेपाराले गुँड बनाउँदैन । दिनभर पारिलो घाम तापेको छेपारो रातको कठ्याङ्ग्रिदो जाडोमा भन्छ–"भोलि त जसरी पनि घर बनाउँछु ।" भोलिपल्ट बिहानी पारिलो न्यानो घाम लागेपछि ऊ मस्तले निदाउँछ, रातको चिसो बिर्सन्छ अनि "आ घर नभए पनि चलिरहेकै छ, जे होला देखा जाला" भन्दै अल्छी गर्छ । फेरि रात शुरू हुन्छ । उही कठ्याङ्ग्रिदो भोग्छ र पुनः प्रतिबद्धता गर्छ भोलि जसरी पनि घर बनाउँछु । आपद पर्दा हरेक रात छेपाराले घर बनाउने योजना बुन्छ अनि अवस्था सहज भएपछि भोगेको दुःख बिर्सन्छ । जीवनमा उसले घर बनाउँदैन, त्यसैले आपद् पनि दोहोरिइरहन्छ । यो त केवल छेपारोबारे बनाइएको कथा हो । छेपारोको जीवन वा स्वभावमा यो कथा मिल्छ कि मिल्दैन यकीन भन्न सकिन्न, तर हाम्रो समाजमा भने यो कथा हुबहु मिल्छ । प्रत्येक वर्ष मौसम अनुसार जाडो, गर्मी, बर्खा, खडेरी, बाढी, डुबान–कटानको समस्या, चक्रजस्तै घुमेर आउँछ । हरेक समस्यामा क्षति न्यूनीकरणका उपाय फुर्छन् । जब विपत्ति आइलाग्छ, तब वैचारिक उपायले केही काम गर्दैन । विपत्ति टरेपछि भने उही छेपारोको कथा ।**

**यस वर्ष पनि डुबान शुरू भयो । असारको मध्यमा आइपुग्दा मनसुन शुरू भएको छ । शुरूआतमा नै धेरै ठाउँमा डुबानको समस्या देखिएको छ । जहाँ गहिरो वा दह परेको भूभाग छ, त्यहाँ डुबानको समस्या देखिनु स्वाभाविक हो । तर वर्षौंदेखि डुबानको समस्या नरहेको स्थानमा समेत डुबान देखिन थालेको छ । विशेषगरी मधेस प्रदेशका अधिकांश जिल्लामा, मुलुकको अन्यत्रभन्दा बढी डुबान समस्या देखिएको छ । वीरगंज, कलैया, गौर, जनकपुरधामलगायत आसपास र नदी किनाराका क्षेत्रहरूको डुबान–समस्या पुरानो हो । यहाँ शहरीकरण वा जनघनत्व वृद्धिसँगै डुबान पनि जटिल समस्याका रूपमा झाँगिंदै छ । पछिल्लोपटक बाराको निजगढ, रौतहटको चन्द्रनिगाहपुरलगायत क्षेत्रमा डुबान समस्या देखिएको छ । यस्ता केही उच्च भूभाग तथा चुरे फेदी क्षेत्र, जहाँ खोलाखोल्सी पर्याप्त हुन्छ । त्यस्ता क्षेत्रमा समेत डुबानले जनजीवन प्रभावित पार्न थालेपछि सोच्नैपर्ने अवस्था आएको छ । दुई झरो पानी नपर्दै निजगढ क्षेत्रका राजमार्गहरू पोखरीमा परिणत हुने गरेका छन् ।**

**बर्खाको पानी प्राकृतिकरूपमा बग्ने मार्ग अवरुद्ध गरियो भने निकास नपाएर डुबान हुन्छ । अवैज्ञानिक किसिमको बस्ती विकास तथा पूर्वाधार निर्माणले पानीको प्राकृतिक बहाव अवरुद्ध भएको छ । वीरगंज, जनकपुरलगायत नगरहरू वैज्ञानिक योजनाविना गुलजार शहरमा परिणत भए । सम्भव रहेसम्म अवरुद्ध पानीको निकास खोलेर डुबान न्यूनीकरण अहिलेको एक मात्र उपाय हो । जहाँ पानी निकासको कुनै विकल्प छैन, त्यस्ता स्थानमा डुबानको समयका लागि आकस्मिक उद्धार सामग्री, ज्ञान, सीप तथा कलाको खाँचो पर्छ । नदी किनार वा नदी प्रभावित बस्तीहरूमा कुनै पनि बेला आपद् आइलाग्न सक्छ । नदीको शिरमा बर्खा हुँदा तल्लो भागमा पानी नपरे पनि डुबान हुन्छ । यसरी आकस्मिक डुबान हुने क्षेत्रका लागि आकस्मिक उद्धारको स्थायी व्यवस्था गर्नुपर्ने आवाज उठेको वर्षौं भयो । सबै तहका सरकारहरूले प्रतिबद्धता पनि व्यक्त गरिरहेका हुन्छन्, तर त्यो छेपारोको कथाजस्तै बनेको छ । डुबान शुरू नहुँदासम्म सुतेर बस्ने बानी परेपछि डुबान भएपछि केही गर्न सकिंदैन । तर पनि समयमा काम गर्ने मनोवृत्तिको अभाव देखिएको छ । यो प्रवृत्ति अन्त्य नभएसम्म समस्या ज्यूँकात्यूँ रहने छ ।**

# नाम र नारामुखी प्रदेश सरकार

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**मधेस आन्दोलन र शहीदको नाममा प्रदेश सरकारले नेतृत्व गरे पनि जनताको हकहितका लागि कुनै काम गर्न सकेन । मधेस आन्दोलन केही व्यक्तिको स्वार्थपूर्तिको निम्ति भएको थिएन । तर बितेका गतिविधिहरू हेर्दा मधेस र मधेसीको हितभन्दा व्यक्तिको स्वार्थ साधना भएको देखिएको छ ।**

वि.सं. २०७४ सालको मङ्सिरमा भएको प्रादेशिकसभा निर्वाचनमा उपेन्द्र यादव नेतृत्वको सङ्घीय समाजवादी फोरम र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीबीच प्रदेश नं. २ मा मात्र चुनावी गठबन्धन भएको थियो । प्रदेश नम्बर १, ५ र ७ मा चुनावी गठबन्धनको आवश्यकता महसूस भएन । सम्भवतः २० जिल्लाको तराई–मधेसको भारी बोक्न गाऱ्हो भएको थियो । केही महीना अघि २ नम्बर प्रदेश सरकारले पूर्व सप्तरीदेखि पश्चिम पर्सासम्मका आठ जिल्लालाई समेटेर मधेस प्रदेश घोषणा गरी आफ्नो पिठ्यूँमा आफैं धाप दिने काम गऱ्यो । वि.सं. २०७४ सालको चुनावमा सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीबीच भएको चुनावी गठबन्धनले नै यस कुराको सङ्केत गरिसकेको थियो कि अब कोशीपूर्व र नारायणीपश्चिमका मधेसका जिल्ला उपरोक्त दलका निम्ति प्राथमिकताको विषय रहेन । एक किसिमले कम्मरभन्दा तल र काँधभन्दा माथिको भागलाई औचित्यहीन ठानेर मधेसी गठबन्धनले मधेस प्रदेश घोषणा गऱ्यो । ठूला दलहरूले किनारा साक्षी बस्ने काम मात्रै गरे । संविधानको पुनर्लेखन, संविधान संशोधन, मलेठ घटनाका दोषीलाई सजाय, मधेसी शहीदका परिवारले ५० लाख रुपियाँ, तीन सय मधेसी शहीदका पारिवारिक सदस्यलाई सरकारी जागीरलगायत विषय साढे चार वर्ष अघि भएको निर्वाचनमा मधेसी गठबन्धनका प्रमुख एजेन्डा थिए । मधेसी गठबन्धनका दुवै दलको विगत साढे चार वर्षको कामकाजको सामान्य समीक्षा हुनु आवश्यक छ । यसर्थ साढे चार वर्ष अघिको सङ्घीय समाजवादी फोरमले दुईपटक आफ्नो नाम फेऱ्यो । पहिले सङ्घीय समाजवादी पार्टी र जनता समाजवादी पार्टी । राष्ट्रिय जनता पार्टी पनि यस मामिलामा पछाडि परेन र पहिले जनता समाजवादी पार्टी अहिले लोकतान्त्रिक समाजवादी पार्टीको रूपमा नाम परिवर्तन गऱ्यो । विगत एक वर्षदेखि लोसपा प्रादेशिक सरकारमा नरहे पनि साढे तीन वर्षसम्म यो अवश्य नै सरकारमा थियो र यसका दुईजना मन्त्री सरकारमा थिए, एकजना त अहिले पनि छन् । आठ जिल्लको भूक्षेत्रलाई मात्रै मधेस प्रदेश घोषित गरेर मधेसी दलहरूले ठूलो गल्ती गरेका छन् । तराई काङ्ग्रेस, नेपाल सद्भावना पार्टी र सयकडौं मधेसी शहीदको भावना र सपनामाथि तुषारापात गरेका छन् ।

तराई–मधेसलाई अन्नको भण्डार मानिन्छ । यहाँ वनजङ्गल पनि छ । कलकारखाना पनि बढी यसै प्रदेशमा छन् । नयाँ–नयाँ कलकारखाना खोल्न सकिने सम्भावना पनि छ । कहालीलाग्दो बेरोजगार छ । गरीबी बढ्ने क्रम रोकिएको छैन । प्रदेश सरकार केवल साङ्केतिक (सिम्बोलिक) र शृङ्गारिक (कस्मेटिक) राजनीति गर्दै आएको छ । एउटा नयाँ घोषणा गर्ने, नयाँ आयोग बनाउने तर त्यसको निम्ति पर्याप्त नीति–नियम नबनाउने, आवश्यक पूर्वाधार तयार नगर्ने, आवश्यकता अनुसार कर्मचारी नराख्ने फलस्वरूप उपलब्धि धरातलमा देखिएको छैन ।

अहिले देशमा सङ्घीयताप्रति वितृष्णा फैलाउने काम भइरहेको छ । जुन सङ्घीयता देशमा आएकै छैन त्यसलाई नै सबै समस्याको कारक बताउने काम भइरहेको छ । जुन दिन उपेन्द्र यादवको पार्टी र महन्थ ठाकुरको पार्टीले स्थानीय तहको वर्तमान संरचना स्वीकार गरे त्यसै दिन सङ्घीयताको घाँटी निमोठ्ने काम भयो । अहिलेको मधेस सरकारले विगत साढे चार वर्षमा एउटा पनि उल्लेख्य काम गरेको भए नेपालमा यस कारण सङ्घीयता आवश्यक छ भन्ने विषय साबित हुन सक्थ्यो । सर्वाधिक ढोलबाजा गरेर चर्चामा ल्याइएको बेटी पढाऊ–बेटी बचाऊ कार्यक्रम पनि अख्तियारको छानबीनमा परेपछि सर्वाधिक विवादमा तानिएको छ । जुन कार्यक्रमलाई सर्वाधिक सफल मनिएको थियो, त्यही सर्वाधिक असफल साबित हुने बाटोमा छ । लोसपा कोटाका मन्त्रीहरू अहिले पनि सरकारमा रहेका अधिकांश मन्त्रीका कतिपय निर्णयविरुद्ध अख्तियारमा छानबीन भइरहेको छ । विनाकमिशन काम हुनै सक्दैन भन्ने मान्यता विकसित भइसकेको छ । नेपालमा सङ्घीयता किन आवश्यक छ भन्ने कुराको पक्षमा बोल्न जसपा र लोसपाका नेताहरू डराएका छन् । मधेस प्रदेशको सर्वाधिक ठूलो साबित हुन सक्ने जनकपुर चरोट कारखाना लिमिडेटकै परिसरमा सरकार घरजम गरेर बसेको छ । अहिले पनि जचुकालीलाई बेलआउट प्याकेज दिएर सञ्चालनमा ल्याइए हजारौं किसान, मजदूर र युवाले रोजगार पाउन सक्छन् । प्रदेश सरकारले नयाँ उद्योग पाँच वर्षमा सञ्चालन गर्न सकेन उल्टै अस्तित्वमा रहेका एकमात्र कारखानालाई पनि अस्थिपञ्जरमा परिणत गरिदिएको छ । सङ्घीय सरकारले वीरगंज चिनी मिल सञ्चालनको कुरा गरेको छ तर यो चुनावी वर्ष हो त्यसकारण मात्रै यो विषय चर्चामा आएको छ भन्ने कुरा सबैलाई थाहा छ । रौतहटको श्रीराम सुगर मिललाई बचाउन नसक्ने दुवै सरकारले वीरगंज चिनी कारखाना सञ्चालन गर्ने विषय पत्यारलाग्दो देखिंदैन । किसानको नाममा ल्याइएका कार्यक्रम र सुविधाको लाभ केही खासले मात्र लिन सकेका छन् ।

मधेस प्रदेश सरकारले गठन गरेको आयोग तथा संस्थान औचित्यहीन बन्दै गएका छन् । आयोग तथा संस्थानहरू गठन भएको लामो समय बितिसक्दा प्रदेश सरकारले कर्मचारीको व्यवस्थापन तथा आवश्यक भौतिक पूर्वाधार र नीति निर्माण गर्न नसक्दा औचित्यहीन बन्दै गएको छ । हामीले यो–यो आयोग र यतिवटा आयोग गठन गऱ्यौं भन्ने दाबी गर्न र चुनावी सफलता हासिल गर्न मात्रै यी आयोगहरूको गठन भएको भन्दा अतिशयोक्ति नहोला । यस्तो लोकप्रियता पाउन तथा आफ्ना केही समर्थकलाई जागीर दिने काम मात्रै भएको छ ।

झन्डै एक वर्ष अघि आर्थिक सुशासन कायम गर्न प्रदेश जनलोकपाल आयोग गठन गरिएको छ । जन लोकपाल शब्द भारतको नयाँ दिल्ली प्रदेशका मुख्यमन्त्री अरविन्द केजरिवालको राजनीतिक शब्दकोषबाट सापट लिइएको शब्द हो । जनकपुरधामको मुजेलियामा रहेको प्रदेश अनुसन्धान तथा ग्रामीण प्रशिक्षण केन्द्रमा एउटा सानो भवनमा आयोगका पदाधिकारीहरू बस्छन् । ३३ जना कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा त्यसको १० प्रतिशतजति मात्र कर्मचारी छन् । स्थानीय स्तरका केही गुनासो आए पनि आवश्यक नीति निर्माण भएको छैन । काम कारबाई गर्न नियमावली निर्माण गरिएको छैन । प्रदेश नीति आयोग गठन भएको चार वर्ष हुन थालेको छ । प्रदेश नीति आयोगमा ४९ जना कर्मचारीको दरबन्दी रहेकोमा त्यहाँ दरबन्दीको दश प्रतिशत पनि कर्मचारी छैनन् ।

प्रदेशमा कर्मचारी व्यवस्थापनका लागि सरकारले साढे तीन वर्ष अघि प्रदेश लोकसेवा आयोग गठन गरेको थियो तर कर्मचारीको अभावमा उक्त आयोगको कार्यले पनि गति लिन सकेको छैन । कर्मचारी भर्ना गर्ने जिम्मा लिएको लोकसेवा आयोग आफैं कर्मचारीविहीन छ । २१ जना कर्मचारीको दरबन्दी रहेकोमा ५ जना मात्र बहाल छन् ।

मधेस स्वाथ्य विज्ञान प्रतिष्ठान, आम सञ्चार प्राधिकरण, मिडिया काउन्सिल, चलचित्र तथा लोक सञ्चार बोर्ड, दलित विकास समिति, प्रदेश अनुसन्धान तथा ग्रामीण प्रशिक्षण केन्द्रमा पनि कर्मचारीको व्यापक अभाव छ । एक वर्ष अघि गठन भएको आम सञ्चार प्राधिकरण, चलचित्र बोर्ड, मिडिया काउन्सिलमा सातजना कर्मचारीको दरबन्दी छ । तर अहिलेसम्म प्राधिकरणमा दुई, काउन्सिलमा एक, बोर्डमा एकजना मात्रै दरबन्दीका कर्मचारी छन् । सबैभन्दा संवेदनशील मानिएको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनका लागि अहिलेसम्म कुनै काम नै भएको छैन । भवन निर्माणका लागि काम भएको छैन तर मेडिकल उपकरण खरीदका लागि इपिसी मोडेलमा टेन्डर खुलाउने काम भने भइरहेको छ । घर निर्माण हुनु अघि नै उपकरण आएपछि त्यसको व्यवस्थापन कसरी गर्ने कुरामा विचार नै पुऱ्याइएन । टेन्डर पनि केवल सुनेको आधारमा गरिएको रजिस्ट्रारको कथन छ । शिक्षा आयोगको अवस्था पनि यस्तै छ । मधेस आन्दोलन र शहीदको नाममा मधेसी दलले प्रदेश सरकारको नेतृत्व गरे पनि जनताको हकहितका लागि कुनै काम गर्न सकेन । आर्थिक सुशासन र पारदर्शिता पनि कायम गर्न सकेन । मधेस आन्दोलन केही खास व्यक्तिको निहित स्वार्थपूर्तिको निम्ति पक्कै पनि भएको थिएन । तर बितेका गतिविधिहरु हेर्दा मधेस र मधेसीको हितभन्दा व्यक्तिको स्वार्थ साधना भएको देखिएको छ ।

## नवनियुक्त भारतीय राजदूतद्वारा ओहोदा पेश

प्रस, वीरगंज, १६ असार/

नेपालका लागि नवनियुक्त भारतीय राजदूत नवीन श्रीवास्तवले बिहीवार राष्ट्रपति विद्यादेवी भण्डारीलाई ओहोदाको प्रमाणपत्र पेश गरेका छन् ।

राष्ट्रपति भवन, शीतल निवासमा आयोजित कार्यक्रममा ओहोदाको प्रमाणपत्र पेश गरेपछि राजदूत श्रीवास्तवले प्रधानमन्त्री शेरबहादुर देउवासँग शिष्टाचार भेटवार्ता गरे । भेटमा उनले भारतका राष्ट्रपति र प्रधानमन्त्रीले पठाएका शुभकामना सन्देश सुनाएका थिए ।

राजदूत श्रीवास्तवले हालै भएको प्रधानमन्त्री देउवाको भारत भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धमा नयाँ गति प्रदान गरेको बताए । उनले दुई देशबीचको मैत्री सम्बन्धलाई अघि बढाउने प्रतिबद्धता पनि व्यक्त गरे ।

श्रीवास्तव नेपालका लागि भारतका २६औं राजदूत हुन् । पूर्वराजदूत विनयमोहन क्वात्रा विदेश सचिवको कार्यभार सम्हाल्न २०२२ अप्रिलमा दिल्ली गएपछि श्रीवास्तव नयाँ राजदूतका रूपमा नियुक्त भएको भारतीय राजदूतावास, काठमाडौंले जनाएको छ ।




राष्ट्रपति विद्यादेवी भण्डारीलाई ओहोदाको प्रमाणपत्र पेश गर्दै भारतीय राजदूत नवीन श्रीवास्तव । तस्वीर सौजन्यः भारतीय राजदूतावास

## नेपालका अभिनेता नरेन खड्काको भोजपुरी फिल्म सार्वजनिक हुँदै

प्रस, परवानीपुर, १६ असार/

भोजपुरी फिल्म 'रण' नेपालको ४० भन्दा बढी सिनेमा हलमा प्रदर्शन हुन लागेको छ । असार १७ गते शुक्रवारदेखि प्रदर्शनमा आउन लागेको यो भोजपुरी फिल्म नेपाली फिल्म हलमा ठूलो स्तरमा प्रदर्शन गर्ने तयारी भइरहेको फिल्म निर्माण पक्षले जनाएको छ । चन्द्र पन्तको निर्देशन रहेको यो फिल्म भारतको बिहार राज्यमा प्रदर्शन भइसकेको छ । शुक्रवारदेखि नेपालसँगै भारतको मुम्बई र गुजरातमा प्रदर्शन हुने निर्माण पक्षको भनाइ छ । फिल्म मुख्यतः तराई–मधेस केन्द्रित हलमा राम्रो प्रदर्शन गर्ने निर्देशक पन्तले बताए । 'रण'का अभिनेता नरेन खड्काको यो पहिलो भोजपुरी फिल्म हो । अरुणकुमार मिश्र निर्माता रहेको यस फिल्ममा आनन्द ओझा, काजल रघवानी, आयाज खान, सिपी भट्ट, मनोज टाइगर, देव सिंह, अरुणकुमार मिश्रलगायतको अभिनय छ । फिल्मको कथा निर्देशक पन्तले नै लेखेका हुन् । महेश पौडेलको छायाङ्कन रहेको फिल्मको सम्पादन अर्जुन जिसीले गरेका हुन् ।



तस्वीरः सौजन्य

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## कृषिबाट मधेस प्रदेशको समृद्धि

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**हुनत क्रान्तिको धेरै आयाम हुन्छ। त्यसमा मुख्यतः राजनीतिक क्रान्ति, आर्थिक क्रान्ति, सामाजिक क्रान्ति, सांस्कृतिक क्रान्ति आदि हुन्। कृषि क्रान्ति आर्थिक क्रान्तिको एक अंश हो। कृषि क्षेत्रसँग सम्बन्धित समग्र पक्षको द्रुततर विकास तथा समृद्धि नै कृषि क्रान्ति हो।**

विगतमा कृषि उत्पादन जीवन निर्वाहका लागि गरिएको भएपनि १९ औं र २० औं शताब्दीमा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक बदलावका कारण कृषि उत्पादनको स्वरूपमा पनि व्यापक परिवर्तन भई अझ परिस्कृत भएको छ। त्यसैले समृद्धिउन्मुख तथा परिवर्तनको सङ्क्रमणकालमा रहेको र अर्थतन्त्रका अन्य बलिया पूर्वाधार नभएको अवस्थामा मधेस प्रदेशको दिगो विकास तथा समृद्धिका लागि कृषि क्रान्ति अपरिहार्य भएको छ। नेपालको कुल भूमिमध्ये २४ प्रतिशत कृषियोग्य छ। तर मधेस प्रदेशको करीब ६९ प्रतिशत भूमि कृषियोग्य छ। सिङ्गो मुलुकमा ६३ प्रतिशत कृषि भूमिमा चिस्यान वा ओसिलोपन छ। तर मधेस प्रदेशमा ९४ प्रतिशत कृषि भूमिमा चिस्यान वा ओसिलोपन छ। यो तथ्याङ्क नै मधेस प्रदेशको विकास र समृद्धि कृषिबाटै हुन सक्छ भन्ने सबल आधार हो।

हुनत मधेस सरकारले कृषिलाई प्रदेश समृद्धिको पहिलो आधार मानेको छ र त्यस अनुसार योजना कार्यान्वयनमा ल्याएको पनि छ। यसका लागि प्रदेश सरकारले मुख्यमन्त्री किसान उत्थान आयोजना, दूध मिसन कार्यक्रम, नवप्रवर्तन रोजगार कृषि/उद्यमशीलता तथा प्रवर्द्धन, खेतखेतमा सिंचाइ, हातहातमा कामलगायत योजना र कार्यक्रम लागू गरेको छ। भौगोलिक दृष्टिकोणले सबैभन्दा सानो तर जनघनत्वको हिसाबले सबैभन्दा धेरै मधेस प्रदेशको कुल क्षेत्रफल ९६६१ वर्ग कि.मि. छ। ५४ लाखभन्दा बढी जनसङ्ख्या रहेको यो प्रदेशको जनघनत्व ५५९ प्रतिवर्ग कि.मि. र साक्षरता ४९.५१ प्रतिशत छ। तर विडम्बना यस प्रदेशका लगभग दुई लाख २५ हजार ऊर्जाशील युवा विभिन्न देशमा आफ्नो श्रम तथा पसिना बगाउन बाध्य छ। अनुकूल अवस्थामा प्रत्येक दिन १५/१६ सयको हाराहारीमा नेपाली युवा विदेश पलायन भइरहेको छ। मुलुकमा व्यापार घाटा बर्सेनि बढ्दो छ। नेपालको ठूलो रकम दैनिक उपभोग्य वस्तुको आयातमा खर्च हुन्छ। यो प्रदेशको परिवेशलाई विश्लेषण गरेर हेर्ने हो भने वैदेशिक रोजगारमा युवाको बढ्दो पलायनका कारण कृषिबाट उच्चतम प्रतिफल लिन सकेको छैन। त्यसैले उत्पादन र रोजगार अभिवृद्धि नगरी प्रदेशमा समृद्धि आउन सक्दैन।

समृद्धिका आधार धेरै भए पनि यो प्रदेशका लागि एक मात्र आधार कृषि नै हो। समृद्धि ल्याउन कृषिलाई विकासका अवयवहरूसँग जोड्दै केही ठोस र कृषिमैत्री दीर्घकालीन योजना बनाउनुपर्छ। जसले यहाँको युवा आफ्नै प्रदेशको भूमिमा स्वरोजगारी हुन सकोस्। न्यून सिंचाइ सुविधाका बावजूद मधेस प्रदेशले ४०१.९०६ हेक्टर क्षेत्रफलमा धान उत्पादन गर्दै आएको छ। यो सबै प्रदेशले उत्पादन गरेको धानको क्षेत्रफलभन्दा बढी हो। प्रदेशको उर्वर भूमिलाई पूर्णसिञ्चित बनाउन सकियो भने कुनै पनि युवालाई खाडी मुलुकमा पसिना बगाउनुपर्ने बाध्यता रहँदैन र प्रदेश समृद्धिको बाटोमा लम्कन सक्छ। यसका लागि प्रदेश सरकारले नदी तथा खोलामा तटबन्ध निर्माण, नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको विकास, विद्युतीकरणसहितको ट्युबवेल सिंचाइ सुविधा, घरघरमा स्वच्छ खानेपानी सुविधा कार्यक्रम ल्याएको छ। त्यस्तै प्रदेश सरकारले अति विपन्न गरीब दलित बेरोजगारी युवाका लागि रोजगारका अवसर सिर्जना गर्न प्रदेश प्रमुख रोजगार कार्यक्रम अन्तर्गत विभिन्न व्यावसायिक सीपयुक्त तालीम सञ्चालन पनि गरेको पाइन्छ।

परम्परागत शैलीमैं जीविकोपार्जनका लागि गरिने टुक्रे कृषि प्रणालीबाट प्रदेशको विकास र समृद्धि सम्भव छैन। अहिले कृषि पेशाप्रति आम युवाको आकर्षण छैन। कृषिभन्दा गैरकृषि कार्य तथा वैदेशिक रोजगारतर्फ आकर्षण बढ्दै गएको छ। जुन दिगो विकासका लागि ठूलो बाधक हो। दिगो विकास हुनलाई आफ्नो स्रोत साधन प्रयोग गरी आफ्नो उत्पादन बढाउनुपर्छ। यसले परनिर्भरता हटाउँदै मौलिक स्वरोजगार सिर्जना हुन्छ। रेमिट्यान्सको भरमा प्रदेश वा समाजको अर्थ व्यवस्था चल्दैन। समृद्धिका लागि प्रदेशको माटो सुहाउँदो रोजगार सिर्जना गर्नुपर्छ। यसका लागि ठूलो सम्भावना भएको क्षेत्र कृषि नै हो। यसैलाई दृष्टिगत गरेर मधेस प्रदेश सरकारले सप्तरीमा कृषि विश्वविद्यालय स्थापना गरिसकेको छ। हुनत तराई–मधेस नेपालकै अन्न भण्डार हो। त्यसमा पनि मधेस प्रदेशका आठ जिल्ला अन्नबाली उत्पादनमा अब्बल छन्। मधेस प्रदेशको पहिलो आवधिक योजनामा कृषि क्षेत्रको आर्थिक वृद्धिदर केवल ४.३ प्रतिशत थियो। प्रदेश सरकारले आर्थिक वर्ष २०८०–८१ सम्म त्यसलाई बढाएर ७.९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०७५–७६ मा कृषि क्षेत्रको उत्पादन मूल्य १७७.८ अर्ब थियो, २०८०–८१ सम्म २२१.२७ अर्ब पुऱ्याउने लक्ष्य प्रदेश सरकारको छ। मधेस प्रदेशमा २०७५–७६ मा प्रतिव्यक्ति खाद्यान्न उत्पादन १६१.९ प्रतिकिलो थियो। त्यसलाई २०८०–८१ सम्म २०६.६३ प्रतिकिलो पुऱ्याउने, अहिले ४३.२ प्रतिशत कृषियोग्य भूमिमा मात्र दिगो र भरपर्दो सिंचाइ सुविधा रहेकोमा २०८०–८१ सम्म बढाएर ७५.५ प्रतिशतमा पुऱ्याउने योजना प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको छ।

हाल मधेस प्रदेशमा प्रतिवर्ष ३५ हजार पाँच सय नौ मेट्रिकटन खाद्यान्न उत्पादन हुँदै आएको छ। त्यसलाई वृद्धि गर्दै २०८०–८१ सम्म ६६ हजार मेट्रिकटन पुऱ्याउने लक्ष्य छ। ७१५१ हेक्टर जलाशय क्षेत्रफल रहेकोमा २०८०–८१ सम्म बढाएर ९२०० पुऱ्याउने लक्ष्य प्रदेश सरकारको छ। हाम्रो समाजको परिवेश हेर्दा कृषि गर्न सक्नेसँग जग्गा छैन। जग्गा हुनेलाई कृषि गर्नुछैन। प्रायःजसो कृषिमा लागेकालाई उपलब्धि प्राप्त हुन सकेको छैन। त्यसैले समृद्धिका लागि प्रदेश सरकारको पहिलो दायित्व भनेको नै जग्गा हुने तर खेती गर्न नचाहनेहरूको जग्गा भाडामा लिएर सरकारले ती जग्गालाई पकेट क्षेत्रको रूपमा चक्लाबन्दी गर्नुपर्छ। एक क्षेत्र एक बालीको अवधारणामा कृषि योजना अगाडि बढाउन सकिन्छ। सबै ठाउँमा सिंचाइको पूर्ण व्यवस्था गर्नुपर्छ। व्यावसायिकरूपमा माटो सुहाउँदो बाली लगाउनुपर्छ। हुनत कृषि विकासका लागि प्रदेश सरकारले विनियोजन गरेको बजेट सही ठाउँमा उपयोग नभएको अवस्था छ। प्रभावकारी योजनाको अभाव, भएका राम्रा योजनामा पनि खर्चको दर न्यून हुनु, अनुदानका कार्यक्रम दुरुपयोग हुनुलगायत कारणले कृषि क्षेत्र बिस्तारै कमजोर बन्दै गएको छ। पहुँचवालाले मात्रै पाउने अनुदानको विकृति नरोकिएसम्म कृषकले राहत नपाउने र व्यावसायिक कृषिको कुरा नारामा मात्र सीमित हुने देखिन्छ।

**आधुनिक प्रविधि र अबको योजना**

आधुनिक प्रविधि प्रयोग गर्नबाट जग्गावाल किसान आर्थिक वा शैक्षिक कारणले वञ्चित छन्। अझै पनि उनीहरू सदीयौं पुरानो कुटो, कोदालो र हलो नै प्रमुख कृषि औजारको रूपमा प्रयोग गरिरहेका छन्। जापान, अमेरिका, जर्मनी, अस्ट्रेलिया, ब्रजीललगायत देशले कृषिमा १०.१५ प्रतिशत मानिस मात्र सहभागी हुँदा पनि लगभग ५० प्रतिशतभन्दा बढी कृषिजन्य सामग्री निर्यात गर्न सकेका छन्। यो आधुनिक कृषि प्रणालीबाटै सम्भव भएको हो। पछिल्लो समय आधुनिक कृषि भनिरहे पनि भूगोल अनुसार आधुनिक औजारको उपयोग हुन नसकेको कृषि अनुसन्धान विज्ञहरूको भनाइ छ। त्यसैले मधेस सरकारले कृषिको आधुनिकीकरण, यन्त्रीकरण, व्यवसायीकरण, उद्योगीकरण र रूपान्तरण तथा उत्पादनशील रोजगार र श्रम व्यवस्थापन गर्न कृषिलाई बजेटको पहिलो प्राथमिकतामा राख्न सक्नुपर्दछ। हुनत समयको माग, सरकारी निकायको प्रयास र निजी क्षेत्रको लगानीको कारण यो प्रदेशको केही स्थानमा कृषि यन्त्रीकरणले गति लिन थालेको छ। यी स्थानमा फलामे हलो, ट्याक्टर, पावरटिलर, पम्पसेट, स्प्रेयर, धान, गहुँ चुट्ने थ्रेसर, धान कुट्ने–पिस्ने मिल, तेले पेल्ने मिल, ढुवानीका लागि टेलर आदिको प्रयोग बढ्न थालेको छ।

पशुपालनतर्फ विशेषगरी व्यावसायिक गाई–भैंसीपालन, कुखुरापालन, चल्ला उत्पादन, दुग्ध प्रशोधन तथा दुग्धजन्य पदार्थको विविधीकरणमा यन्त्रको प्रयोग बढेको देखिन्छ। कृत्रिम गर्भाधान कार्यका लागि आवश्यक तरल नाइट्रोजनको उत्पादन तथा वितरण, वीर्य सङ्कलन तथा प्रशोधन कार्यका लागि स्वचालित उपकरणको प्रयोग बढिरहेको छ। त्यस्तै जिरो टिजेल, सिड ड्रिल छर्ने प्रविधिको अनुसरण बिस्तारै बढ्दै छ। पहाडी जिल्लामा मिनिटिलर प्रविधिप्रति कृषकको आकर्षण बढ्दो छ। तर आयातित यन्त्र तथा उपकरणमा निर्भर हुनुपरेकोले मरम्मतसम्भार, सेवा र पार्टपूर्जा सुलभ नहुँदा यसको प्रभावमा कमी आएको छ। पछिल्लो समय वैदेशिक रोजगारबाट फर्केका युवा पनि आधुनिक कृषि कर्ममा आकर्षित हुन थालेका छन्। बाहिरको सीप र विकासलाई स्थानीय माटोसँग जोड्न युवाहरू आकर्षित हुन थाल्नु राम्रो सङ्केत हो। यसको सरकारले मिहिन अध्ययन गरेर बजारीकरण, अनुदान, उत्साहको वातावरण बनाउन ढिलो गर्नुहुँदैन। भौगोलिक तथा जैविक विविधताजन्य सम्भाव्यता हुनु, पूँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधिको ज्ञानसहित विदेशबाट फर्केका युवा कृषि व्यवसायमा आकर्षित हुँदै जानुलगायत विशेषताले आगामी दिनमा कृषि क्षेत्रमा अवसरका ढोकाहरू बिस्तारै खुल्दै गएका छन्। मधेस प्रदेशले मुलुकको राजनीतिक परिवर्तनका लागि पटकपटक आन्दोलन वा क्रान्ति गरेको इतिहास छ। क्रान्तिलाई सफल बनाउन यहाँका कैयौं धर्तीपुत्रहरू शहीद भएका छन्। हुनत क्रान्तिको धेरै आयाम हुन्छ। त्यसमा मुख्यतः राजनीतिक क्रान्ति, आर्थिक क्रान्ति, सामाजिक क्रान्ति, सांस्कृतिक क्रान्ति आदि हुन्। कृषि क्रान्ति आर्थिक क्रान्तिको एक अंश हो। कृषि क्षेत्रसँग सम्बन्धित समग्र पक्षको द्रुततर विकास तथा समृद्धि नै कृषि क्रान्ति हो।

कृषि क्रान्तिका पनि विभिन्न प्रकार छन्: जस्तै हरित क्रान्ति (खाद्यान्न, तरकारी तथा फलफूल उत्पादन), श्वेत क्रान्ति (दुग्ध उत्पादन), लाल क्रान्ति (मासु उत्पादन), सुनौलो क्रान्ति (फलफूल र मह उत्पादन), रजत क्रान्ति (अन्डा र कुखुरा उत्पादन), नीलो क्रान्ति (माछा उत्पादन), पहेंलो क्रान्ति (तेलहन उत्पादन) आदि। कृषि क्रान्ति अन्तर्गतका यी आयामहरूलाई सफल पार्न सक्यौं भने प्रदेशको विकास र समृद्धि हुनेमा कुनै शङ्का छैन। तर यसका लागि उच्च राजनीतिक प्रतिबद्धता र सरकारको अर्जुनदृष्टि यसैतर्फ उन्मुखबाहेकको अर्को विकल्प छैन।

## मधेस प्रदेशको कृषि मन्त्रालयमा पाँच बुँदे मागसहित किसान धर्नामा

धनुषा, १७ असार/रासस

पाँच बुँदाको माग अघि सार्दै किसानहरू मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा बिहीवारदेखि धर्नामा बसेका छन्। किसानले धर्ना बस्नुअघि लेखा तथा खाद्य सुरक्षा महाशाखामा तालाबन्दीसमेत गरेका छन्। उनीहरू अदालतको आदेश अनुसार शीतभण्डार निर्माणको रकम भुक्तानी हुनुपर्ने, किसानलाई समयमा पर्याप्त मल, खाद्य, बीउबिजन उपलब्ध गराउनुपर्ने, मन्त्रालयको अनुदान, सेवासुविधा र विभिन्न योजनामा एकरूपता गरी किसानको हकहित सुनिश्चितता हुनुपर्ने, शीतभण्डारको बाँकी काम गर्नका लागि आदेश हुनुपर्ने र प्राकृतिक तथा विभिन्न कारणले विभिन्न बालीमा भएको क्षतिको क्षतिपूर्ति हुनुपर्ने मागसहित धर्नामा बसेका छन्।

सत्तारूढ दल जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेस प्रदेश उपाध्यक्ष शेषनारायण यादवको अगुवाइमा धनुषा र सर्लाही जिल्लाका किसान धर्नामा बसेका हुन्। आफूहरूले राखेको माग पूरा नभए कडा आन्दोलनको कार्यक्रम सार्वजनिक गर्ने पनि धर्नामा बसेका अगुवा किसानहरूले बताए।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका–३ मा जनहित कृषक समूहका किसानको चिस्यान केन्द्रमा करीब अढाई करोडको लगानी भएको तीन वर्ष हुँदा पनि भुक्तानी नभएपछि ठूलो समस्यामा परेको सो संस्थाका अध्यक्ष ललितनारायण यादवले जानकारी दिए। यस्तै, प्रकृतिको चिस्यान घरको निर्माण कार्य सप्तरी जिल्लामा हुँदा रु एक करोड भुक्तानी भइसकेको पनि यादवले जानकारी दिए।

सर्लाही जिल्लाको बरहथवा नगरपालिकामा निर्माणाधीन अवस्थामा रहेको चिस्यान घरको निर्माणमा अढाई करोड खर्च भएपनि मन्त्रालयले भुक्तानी दिन नमानेपछि किसान समस्यामा परेको संस्थाका अध्यक्ष देवेन्द्रप्रसाद महतोले जानकारी दिए। यसैबीच, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा नम्रता सिंहले फाइल तथा अदालतको आदेशको अध्ययन गरिरहेको भन्दै सबै प्रक्रिया पूरा गरेर भुक्तानी दिइने बताइन्।

## नेप्से परिसूचकमा उछाल

काठमाडौं, १६ असार/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार उच्च अङ्कले बढेको छ। लगातार ओरालो लागेको नेप्से परिसूचक पछिल्ला केही दिनदेखि भने उकालोको यात्राका लागि तम्तयार भएजस्तो देखिएको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार बिहीवार नेप्से परिसूचक ७४.९३ अङ्कले उकालो लागेर दुई हजार ३७.६४ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १२.६३ अङ्कले उकालो लागेर ३९१.७८ मा पुगेको छ।

नेप्सेको वृद्धिसँगै कारोबार रकममा समेत सामान्य सुधार देखिएको छ। कुल २२७ कम्पनीको ७२ लाख ५४ हजार ७० कित्ता शेयर रु दुई अर्ब ४५ करोड ८६ लाख १९ हजार ४९५ मूल्यमा खरीद–बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको शेयर मूल्यमा नै वृद्धि भएको छ। बैंकिङ २९.६८, व्यापार १२६.७, होटल तथा पर्यटन १२७.७, विकास बैंक २०४.४४, जलविद्युत् १०२८, वित्त १००.२८, निर्जीवन बीमा ३७८.२, उत्पादन २५०.४२, अन्य ८६.०२, लघुवित्त २०४.४२, जीवन बीमा २९६.०५, सामूहिक लगानी कोष ०.३८ र लगानी २.२ अङ्कले उकालो लागेको छ।

बिहीवारको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब पाँच अर्ब १५ करोड ९६ लाख १६ हजार ४६५ बराबर पुगेको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु नौ करोड ९५ लाख २० हजार ६३० बराबरको कारोबार भयो। यस्तै, हिमालयन डिस्टिलरी रु सात करोड ९७ लाख ६८ हजार १७१, एशियन लाइफ इन्स्योरेन्स रु पाँच करोड ९९ लाख ३० हजार ९९९, अरुण काबेली पावर रु पाँच करोड ८३ लाख ८९ हजार ६२२ र लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल रु पाँच करोड ६९ लाख ३९ हजार ७७८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

**पन्ध्र कम्पनीको शेयर मूल्य नौ प्रतिशत बढीले वृद्धि**

नेप्सेका अनुसार विभिन्न छ कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो भने १५ कम्पनीको शेयर मूल्य नौ प्रतिशत बढीले वृद्धि भयो। नेपाल फाइनान्स, मैलुङ खोला जलविद्युत् कम्पनी, ङ्दी हाइड्रोपावर, आँधीखोला लघुवित्त, सिवाइसिएल लघुवित्त, सूर्योदय बोमी लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो।

त्यस्तै, ग्लोबल आइएमई बैंकको ऋणपत्र ३.८९, वरुण हाइड्रोपावर २.६५, गुराँस लघुवित्त २.४४, बैंक अफ काठमाडौंको ऋणपत्र २ र सिटिजन म्युचुअल फन्ड दोस्रोका लगानीकर्ताले ०.८९ प्रतिशतले गुमाए।

## जनकपुरधामलाई धार्मिक पर्यटकीय आकर्षणको केन्द्र बनाउँछु –नवनियुक्त अध्यक्ष साह

जनकपुर, १६ असार/रासस

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का नवनियुक्त अध्यक्ष शीतल साहले जनकपुरधामलाई धार्मिक पर्यटकीय आकर्षणको केन्द्र बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। परिषद् अध्यक्षको रूपमा बिहीवार पदभार ग्रहण गर्दै नवनियुक्त अध्यक्ष साहले सबै पक्षसँग सहकार्य गरेर जनकपुरधामलाई धार्मिक पर्यटकको आकर्षणको केन्द्र बनाउने बताए। "जनकपुरधाम आफैंमा धार्मिक, सांस्कृतिक र ऐतिहासिक नगर हो," अध्यक्ष साहले भने, "यहाँका धार्मिक र सांस्कृतिस्थलको संरक्षण, संवर्द्धन गर्दै जनकपुरधामलाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नु मेरो मुख्य लक्ष्य हो।" नवनियुक्त अध्यक्ष साहले वर्षौंदेखि जीर्ण रहेको जनकपुरधामस्थित रामायण भवनलाई जीर्णोद्धार गर्ने पहिलो निर्णय गरेका छन्। धार्मिक र ऐतिहासिक भवन भएपनि उपेक्षाका कारण हालसम्म मर्मतसम्भार हुन नसक्दा जीर्ण बनेकोले यसलाई मर्मतसम्भार गरी जीर्णोद्धार गर्ने आफूले पहिलो निर्णय लिएको अध्यक्ष साहले बताए।

साहलाई नेपाल सरकारले बुधवार परिषद्को अध्यक्षमा नियुक्त गरेको थियो। गत विसं २०४९ मा स्थापना भएको सो परिषद्ले धनुषा र महोत्तरीको धार्मिक र पर्यटकीय स्थलको संरक्षण, संवर्द्धन तथा सौन्दर्यीकरणको कार्य गर्दै आएको छ। यसका साथै मिथिला क्षेत्रमा प्रसिद्ध १५ दिने मिथिला मध्यमा परिक्रमालाई व्यवस्थित बनाउने र साथै पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यसमेत सो परिषद्ले गर्दै आएको जनाएको छ।

## सुन प्रतितोला रु ३०० ले घट्यो

काठमाडौं, १६ असार/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु ३०० घटेर रु ९७,५०० कायम भएको छ। उक्त सुन अघिल्लो दिन प्रतितोला रु ९७,८०० मा कारोबार भएको थियो।



नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९७००० छ। उक्त सुनको मूल्य अघिल्लो दिन प्रतितोला रु ९७,३०० थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु पाँच घटेर रु १,२३५ तोकिएको महासङ्घले जनाएको छ।

# आव सकिन १६ दिन बाँकी, पूँजीगत खर्च ४० प्रतिशत मात्रै


काठमाडौं, १६ असार/रासस

चालू आर्थिक वर्ष सकिन अब १६ दिन बाँकी छ। सरकारले चालू आवमा रु तीन खर्ब ७८ अर्ब नौ करोड ७७ लाख बजेट विकास निर्माणमा खर्च गर्ने लक्ष्य राखेको थियो। हरेक महीना १० प्रतिशतका दरले पूँजीगत खर्च गर्ने सरकारको लक्ष्य थियो। तर अवस्था भने त्यस्तो छैन।

सरकारको दैनिक हिसाबकिताब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार असार १५ गते बुधवारसम्म विकास निर्माण काममा कुल विनियोजित बजेटमध्ये ४० प्रतिशत मात्रै खर्च भएको पाइएको छ। कार्यालयका अनुसार कुल रु एक खर्ब ५१ अर्ब नौ करोड चार लाख मात्रै खर्च भएको छ। यो लक्ष्यको ३९.९६ प्रतिशत बराबर हो।

सरकारको कुल खर्च भने ६७.९४ प्रतिशत बराबर भएको छ। कुल रु १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख बराबर खर्च गर्ने लक्ष्य राखिएकामा हालसम्म रु ११ खर्ब नौ अर्ब ३७ करोड ३२ लाख बराबर खर्च भएको छ। कुल विनियोजनको ६७.९४ प्रतिशत हो।

सरकारको खर्चमध्ये सबैभन्दा बढी खर्च चालूमा देखिएको छ। रु १० खर्ब ६५ अर्ब २९ करोढ ३९ लाख बराबरको चालू खर्च गर्ने लक्ष्य राखेको सरकारले हालसम्म रु आठ खर्ब ६६ अर्ब ९० करोड ६० लाख अर्थात् ८१.३८ प्रतिशत खर्च गरेको छ।




त्यस्तै, वित्तीय व्यवस्थातर्फ कुल रु एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको खर्च गर्ने लक्ष्य राखेकामा हालसम्म रु ९१ अर्ब ३७ करोड ६८ लाख अर्थात् ४८.२४ प्रतिशत खर्च भएको छ। सरकारले नियमितरूपमा गर्नुपर्ने ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि यस खालको व्यवस्था गरेको हुन्छ। सरकारको पनि नियमित दायित्व हुन्छ, त्यसलाई भुक्तानीका लागि हरेक वर्ष बजेटमा नै वित्तीय व्यवस्था शीर्षकमा रकम विनियोजन गर्ने गरिएको हुन्छ। यो त भयो खर्चको कुरा।

अब सरकारको आम्दानी पनि हेरौं। कार्यालयका अनुसार असार १५ गतेसम्म कुल रु नौ खर्ब ७० अर्ब ४५ करोड ६९ लाख बराबर राजस्व सङ्कलन गरेको छ। यो कुल लक्ष्यको ८२.२ प्रतिशत हो। सरकारले रु ११ खर्ब ८० अर्ब ६० करोड चार लाख बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य चालू आवका लागि राखेको थियो।

त्यसमा कर राजस्वतर्फ रु आठ खर्ब ९९ अर्ब १५ करोड ५७ लाख सङ्कलन भएको छ। यो कुल लक्ष्यको ८४.१९ प्रतिशत हो। चालू आवका कर राजस्वतर्फ रु १० खर्ब ६७ अर्ब ९६ करोड २५ लाख लक्ष्य राखेको थियो। यस्तै, अनुदानतर्फ रु ५९ अर्ब ९१ करोड ९९ लाख प्राप्त गर्ने लक्ष्य राखेकामा हालसम्म रु १३ अर्ब ८८ करोड ३३ लाख अर्थात् २३.१७ प्रतिशत प्राप्त गरेको छ।

अर्थमन्त्री जनार्दन शर्माले आगामी आवको बजेट प्रस्तुत गर्दा चालू आवमा कुल सरकारी खर्च रु १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८.६ प्रतिशत हुने संशोधित अनुमान प्रस्तुत गरेको थियो। कुल सरकारी खर्चमध्ये चालू खर्च रु नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१.२ प्रतिशत, पूँजीगत खर्च रु तीन खर्ब नौ करोड अर्थात् ७९.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान अर्थमन्त्रीको थियो।

कोभिड–१९ महामारीको विषम परिस्थितिका बीच हालसम्मको राजस्व सङ्कलनको अवस्था सन्तोषजनक रहेको छ। चालू आर्थिक वर्षमा राजस्व परिचालन लक्ष्यको हाराहारीमा नै रही रु ११ खर्ब ५२ अर्ब ४२ करोड सङ्कलन हुने अनुमान गरिएको छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले बढी हो।

चालू आर्थिक वर्ष वैदेशिक सहायतातर्फ अनुदान रु २४ अर्ब ८१ करोड र ऋण रु एक खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने संशोधित अनुमान छ। चालू आर्थिक वर्षको वैशाख मसान्तसम्म रु एक खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाइसकिएको छ। चालू आर्थिक वर्षमा रु दुई खर्ब ३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन हुने अवस्था रहेको अर्थमन्त्रीको भनाइ छ।

# गाँजासहित दुईजना पक्राउ

प्रस, पर्सागढी, १६ असार/

इलाका प्रहरी कार्यालय, जीतपुरले दश किलो गाँजासहित एकजना नाबालकसहित दुईजनालाई पक्राउ गरेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुर चोकमा खटेको प्रहरी टोलीले बिहीवार दिउँसो पैदल हिंडिरहेका चितवन राप्ती नगरपालिका–१२ का १७ वर्षीय विष्णु चेपाङ र ३४ वर्षीय भीम तामाङलाई चेकजाँच गर्दा उनीहरूले बोकेको झोलाबाट १० किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ। गाँजा बरामद भएपछि दुवैजनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको इप्रका, जीतपुरले जनाएको छ।

# थप दुई अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान गर्दै

काठमाडौं, १६ असार/रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) भएर थप दुई अन्तर्राष्ट्रिय एयरलाइन्सले नियमित उडान गर्ने भएका छन्।

थाइल्यान्डको थाई स्माइल एयरवेजले भोलि असार १७ (जुलाई १) र श्रीलङ्काको श्रीलङ्कन एयरलाइन्सले आगामी असार २२ (जुलाई ६)देखि उडान गर्ने तयारी गरेको विमानस्थल कार्यालयले जनाएको छ।

थाई स्माइलले काठमाडौं विमानस्थलबाट पहिलोपटक नियमित उडान शुरू गर्न लागेको हो भने श्रीलङ्कन एयरलाइन्सले कोभिड–१९ महामारीका समय स्थगन गरेको उडान पुनः सञ्चालन गर्न लागेको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणाका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार थाई स्माइलले शुक्रवारदेखि काठमाडौं–बैंकक सीधा उडान शुरू गर्न लागेको छ। कम्पनीले आवश्यक सबै प्रक्रिया पुर्‍याएर हप्ताको सातै दिन उडान भर्ने अनुमति पाएको प्राधिकरणले जनाएको छ। नेपालका लागि थाई स्माइलको आधिकारिक जिएसए सोसाइटी इन्टरनेशनल ट्राभल रहेको छ।

थाइल्यान्डको बैंकक मुख्यालय रहेको क्षेत्रीय वायुसेवा कम्पनी थाई स्माइल थाई एयरवेजको भगिनी संस्था हो। थाई स्माइलले सन् २०१२ जुलाईबाट व्यावसायिक उडान शुरू गरेको थियो। कम्पनीले थाइल्यान्डका १२ गन्तव्यसहित कम्बोडिया, चीन, हङकङ, ताइवान, लाओस, मलेशिया, म्यानमा, भारत र भियतनामका २० गन्तव्यमा उडान गरिरहेको छ।

**श्रीलङ्कन एयरलाइन्सले उडान थप्यो**

श्रीलङ्कन एयरलाइन्सले सातामा सातवटै नियमित उडान गर्ने गरी अनुमति पाएको नेपालका लागि आधिकारिक जिएसए जेनिथ ट्राभल्सले जनाएको छ। यसअघि हप्ताको चार उडान भर्दै आएको एयरलाइन्सले अब दैनिक उडान गर्न लागेको हो। एयरलाइन्सले हाल आइतवार, सोमवार, मङ्गलवार र बिहीवार गरी नियमित चारवटा उडान गर्दै आइरहेको छ। एयरलाइन्सले अमेरिका, अस्ट्रेलिया, लन्डन, जापान, कोरिया, थाइल्यान्डलगायत खाडीका गन्तव्यमा कोलम्बो ट्रान्जिट बनाएर सातामा सात उडान गर्ने अनुमति पाएको हो।

कम्पनीले अमेरिका, अस्ट्रेलिया, लन्डन, जापान, कोरिया, थाइल्यान्डलगायत गन्तव्यमा नियमित उडान गर्दै आएको छ। प्राधिकरणका अनुसार हाल टिआइए भएर दुई नेपालीसहित २४ एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्। यीमध्ये नेपालसहित १९ देशका २४ एयरलाइन्सले सम्बन्धित मुलुकमा सीधा हवाई उडान गरिरहेका छन्। टिआइएमा कोभिड महामारीपूर्व नेपालका तीनसहित ३० देशका एयरलाइन्सले उडान गर्दै आएका थिए। कोभिडपछि अन्तर्राष्ट्रियतर्फ अहिले दैनिक सरदर ७० उडान भइरहेको छ। यो विमानस्थलमा आन्तरिकतर्फ हाल ११ हेलिकोप्टर कम्पनीसहित २० वटा वायुसेवा प्रदायकले उडान सञ्चालन गर्दै आएका छन्। नेपालले हाल ४० मुलुकसँग हवाई सेवा सम्झौता गरिसकेको छ। पछिल्लोपटक सन् २०१९ मा अस्ट्रेलियासँग हवाई सेवा सम्झौता भएको थियो।

# सक्रिय पहलपछि प्राप्त भयो ‘महाकालीको पानी’

काठमाडौं, १६ असार/रासस

महाकाली सन्धि भएपछि पश्चिम नेपालको विकास निर्माणले गति लिन्छ भन्ने सोच हालसम्म पनि पूरा हुन सकेको छैन। यद्यपि सन्धि भएको अढाई दशकपछि महाकाली सिंचाइ आयोजनाले वर्षाको समयमा पानी पाएको छ। सो पानी पाउन पनि नेपालले ठूलै सङ्घर्ष गर्नुपर्‍यो। सन्धिमा समेटिएको पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनालगायत काम भने हालसम्म अगाडि बढ्न सकेको छैन।

बिजुली उत्पादन, जम्मा भएको पानीको सदुपयोग गर्नेगरी बहुउद्देश्यीय परियोजना निर्माण गर्ने भन्दै नेपाल र भारतबीच सहमति भएपनि विस्तृत परियोजना प्रतिवेदन बन्न नसक्दा आयोजनाले गति लिन सकेको छैन। सरकारले हरेक वर्ष पञ्चेश्वरको विषयलाई नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने गरेको छ। आगामी आवको बजेटमा समेत सो आयोजना समेटिएको छ।

तर डिपिआरले अन्तिम रूप लिन नसक्दा आयोजनाको चर्चा केवल चर्चामा सीमित हुन पुगेको छ। सन्धि अनुसार छ महीनाभित्र डिपिआरको काम सम्पन्न गर्ने भनिएको थियो। पानी बाँडफाँटको विषयमा सहमति हुन नसक्दा डिपिआरले मूर्तरूप लिन सकेको छैन।

यसबीचमा दर्जन बढी मन्त्री, सचिव फेरिए। हरेक मन्त्री र सचिवले आयोजनाको चर्चा गरे। तर काम अगाडि बढ्न सकेन। महाकाली सिंचाइ आयोजनामा पानी ल्याउने विषय पनि त्यस्तै थियो। राजनीतिक भाषण र सार्वजनिक खपतका लागि बोलिए पनि व्यावहारिकरूपमा काम हुन सकेको थिएन। वर्तमान सरकार र त्यसमाथि पनि ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालको निरन्तरको प्रयासपछि महाकाली सिंचाइ आयोजनाले पानी पाएको छ।

बुधवारदेखि औपचारिकरूपमा महाकाली सिंचाइ आयोजनाको तेस्रो चरण अन्तर्गत ब्रह्मदेवबाट मूल नहरको काम शुरू भएको छ। विसं २०६३ देखि महाकाली सिंचाइ आयोजना तेस्रो चरण अन्तर्गत कञ्चनपुरको ब्रह्मदेवबाट मूल नहरको काम प्रारम्भ भएको हो। भारतले नेपालको भूमिसम्म एक हजार २०० मिटर मूल नहर र हेडरेगुलेटरलगायत संरचना निर्माण गर्न झन्डै दुई दशक समय व्यतीत भएपछि बल्ल नेपालले पानी पाएको हो।

मन्त्री भुसालले सरकारको निरन्तरको कूटनीतिक प्रयास एवं पहलका कारण महाकाली सिंचाइ आयोजनामा पानी आउन थालेको हो। केही समयअघि मात्रै भारतीय पक्षले सन्धि अनुसार बनाउनुपर्ने मूल नहर र संरचना तयार गरेपछि महाकालीको पानी मूल नहरमार्फत सिंचाइका लागि पानी प्राप्त भएको हो। मन्त्री भुसालले आयोजनालाई शीघ्र सम्पन्न गर्न नेपालतर्फको कामलाई गति दिन आफूले विशेष निर्देशन दिएको र सोही अनुसार आयोजनास्थलमा काम भइरहेको जानकारी दिइन्।


तस्वीरः रासस

सरकारले सो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेत समावेश गरेको छ। पछिल्लो समय राष्ट्रिय गौरवको आयोजनामा परेपछि उक्त आयोजनाको सक्रियता झनै बढेको छ। “भारततर्फको नहर सम्पन्न भएपछि केही दिनदेखि नै परीक्षण भइरहेको थियो। बुधवारदेखि हामीले पानी पाएका छौं,” जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक सुशीलचन्द्र आचार्यले जानकारी दिए।

हाल नेपालतर्फको कुल २८ किलोमिटर मूल नहर निर्माण सम्पन्न भइसकेको छ। सो नहर कुल ४२ किलोमिटर लामो छ। सबै नहरको निर्माण सम्पन्न हुन अझै तीनदेखि चार वर्ष लाग्न सक्ने महानिर्देशक आचार्यको भनाइ छ। निर्माण सम्पन्न भएको २८ किलोमिटर लामो मूल नहरमा पनि विभिन्न २२ वटा शाखा नहर निर्माण गर्नुपर्नेछ। त्यसका लागि बल्ल बोलपत्रको काम भएको छ।

त्रिभुवन बस्तीसम्म पानी पुर्‍याउनका लागि अझै धेरै काम गर्न बाँकी रहेको छ। ती सबै काम सम्पन्न भएपछि १६ हजार हेक्टर कृषियोग्य भूमिमा १२ महीना नै सिंचाइ सुविधा उपलब्ध हुनेछ। त्यसबाट कृषि उत्पादन उल्लेखनीयरूपमा वृद्धि हुनेछ।

सो नहरबाट नेपालले वर्षात्मा २८ मिटर क्यूब बराबरको पानी प्राप्त गर्छ भने हिउँदमा आठ मिटर क्यूब पानी पाउने सम्झौता छ। सरकारले त्रिभुवन बस्ती, मालाखेतीसम्म नहर पुर्‍याएर सिंचाइ सुविधा उपलब्ध गराउने कामलाई प्राथमिकतामा राखेको छ। कुल २८ हजार हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउने सरकारको योजना छ। त्यस्तै, छ हजार हेक्टरमा सतही सिंचाइ उपलब्ध गराउने योजना अनुसार काम भएको छ।

आयोजना तेस्रो चरणका सिनियर डिभिजनल इन्जिनीयर शम्भु पण्डितका अनुसार भारतीय नेशनल हाइड्रोपावर कर्पोरेशन (एनएचपिसी)ले पानी परीक्षण गरेको हो। महाकाली सिंचाइले यसअघि ब्रह्मदेवबाट करीब १३ किलोमिटर मूल नहर निर्माण गरिसकेको छ। थप १५ किलोमिटर नहर निर्माण कार्य अन्तिम चरणमा छ। “साढे १८ किलोमिटर मूल नहर तयार भइसकेको छ,” इन्जिनीयर पण्डितले भने, “साढे १२ किलोमिटरमा गौजी खोलामा स्केप छ, त्यही लगेर पानी फाल्छौं।”

मूल नहरको २८ किलोमिटर तयार हुन एक दशकभन्दा बढी समय खर्च भइसकेको स्थिति छ। निर्माणाधीन १५ किलोमिटर मूल नहर (शुक्लाफाँटा नगरपालिकाको टोटी फुलेली)सम्म तीन प्याकेजमा निर्माण भएपछि काम सम्पन्न हुनेछ।

आगामी आवका लागि सरकारले सो आयोजनाका लागि रु एक अर्ब २६ करोड विनियोजन गरेको छ। लामो समय मुआवजा उल्झन, रकम अभावलगायत कारणले नहर निर्माणमा ढिलाइ भएको थियो। पछिल्लो समय निर्माणले गति लिएपछि स्थानीयवासीमा खुशी थपिएको छ।

आयोजनाले २२ शाखा नहर निर्माणका लागि जग्गा अधिग्रहण प्रक्रिया अघि बढाएको छ। शाखा नहर निर्माणपछि भीमदत्त नगरपालिका, बेदकोट र शुक्लाफाँटा नगरपालिकाका केही क्षेत्रका किसानले सिंचाइ सुविधा पाउनेछन्। आयोजना अन्तर्गत १५१ किलोमिटर नहर निर्माण भए कञ्चनपुर र कैलालीको मालाखेती क्षेत्रको ३३ हजार ५०० हेक्टर जमीनलाई सिंचाइ सुविधा पुर्‍याउने लक्ष्य छ।

हालसम्म आयोजनामा मात्रै रु चार अर्ब खर्च भइसकेको छ। चुरेको फेदबाट निर्माण भइरहेको मूल नहरले कैलालीको मालाखेती र कञ्चनपुरको दक्षिण क्षेत्र पुर्नवासमा सिंचाइ सुविधा उपलब्ध हुनेछ।

सन्धि अनुसार भारतले दोधारा–चाँदनी नगरपालिकामा समेत सिंचाइका लागि ३५० क्युसेक पानी उपलब्ध गराउनुपर्ने व्यवस्था छ। तर त्यहाँ पनि भारतले शारदा नहरबाट नेपाल–भारत सिमानासम्म बनाउनुपर्ने मूल नहर र संरचना निर्माणमा ढिलाइ भइरहेको छ। नहर निर्माणको कुनै सुरसार नै छैन।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## मार्कोस जुनियर फिलिपिन्सको १७औं राष्ट्रपति

मनिला, १६ असार/एएनआई

फर्डिनान्ड रोमुआल्डेज मार्कोस जुनियरले बिहीवार मनिला शहरमा हजारौं मानिसबीच फिलिपिन्सको १७ औं राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरेका छन् ।

मार्कोस जुनियरले मनिलाको राष्ट्रिय सङ्ग्रहालयमा सयौं स्वदेशी तथा विदेशी प्रतिष्ठित व्यक्ति तथा पत्रकारहरूको उपस्थितिमा एउटा विशाल भेलामा शपथ लिएका हुन् । बोङबोङ भनेर चिनिने उनी पूर्व राष्ट्रपति फर्डिनान्ड मार्कोसका छोरा हुन् । मार्कोसले फिलिपिन्समा दुई दशक शासन गरेका थिए ।

मार्कोसले वर्तमान उपराष्ट्रपति मारिया लियोनोर रोब्रेडोलाई निर्वाचनमा पराजित गरेका थिए ।

घातक लागू औषध युद्धमा संलग्न रोड्रिगो डुटेर्तेको उत्तराधिकारी फर्डिनान्ड रोमुआल्डेज मार्कोसले छ वर्षको कार्यकालपछि जूनमा राजीनामा दिएको अल जजीराले उल्लेख गरेको छ ।

चिनियाँ उपराष्ट्रपति वाङ की शान र संयुक्त राज्य अमेरिकाका उपराष्ट्रपति कमला ह्यारिसका पति डग एमहोफ


तस्वीरः रायटर्स

लगायत विदेशी व्यक्तित्वले शपथ ग्रहण समारोहमा उपस्थिति जनाएका थिए ।

परिवार र थुप्रै समर्थकहरूको समर्थनमा मार्कोस जुनियर, पूर्व सिनेटर र काङ्ग्रेसका प्रतिनिधि, ले 'एक साथ हामी फेरि उठ्नेछौं' भन्ने नाराका साथ अभियान पनि चलाएका थिए ।

यसैबीच सम्भावित विरोधका गतिविधिलाई दृष्टिगत गर्दै १५,००० भन्दा बढी प्रहरी, सैनिक र तटरक्षकहरू राजधानीभरि सुरक्षाका लागि तैनाथ गरिएका थिए । रासस

## रूससँग लड्न थप सहयोग माग

किभ, १६ असार/सिन्हवा

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलिन्स्कीले उत्तर एटलान्टिक सन्धि सङ्गठन, नेटोको एक सम्मेलनलाई सम्बोधन गर्दै रूसविरुद्ध लड्न थप सहयोग माग गरेका छन् ।


रूसी राष्ट्रपति भ्लादिमिर पुटिन । तस्वीरः एजेन्सी

उनले बुधवार नेटो सम्मेलनलाई सम्बोधन गर्दै सो माग गरेका हुन् । भिडियो लिंकका माध्यमबाट सो सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति जेलिन्स्कीले हाल युक्रेनलाई धेरै सहयोग चाहिएकोले सोको लागि आग्रह गरेका हुन् ।

उनले युक्रेनको प्रतिरक्षा क्षेत्रमा सहयोग आवश्यक रहेको सो सम्मेलनमा बताए । राष्ट्रपति जेलिन्स्कीले अहिले युक्रेनको रक्षाका लागि हवाई मिसाइल तथा स्थलगत सुरक्षा आवश्यक परेको बताए ।

युक्रेनका धेरै शहरमा रूसले आक्रमण जारी राखेको र उसकाविरुद्ध लड्न युक्रेनलाई धेरै हातहतियार तथा आधुनिक प्रविधिको खाँचो रहेको भन्दै उनले सहयोग खाँचो परेको बताए ।

उनले युक्रेनका लागि प्रतिमहीना कम्तीमा पाँच अर्ब अमेरिकी डलर सहयोग आवश्यक रहेको पनि बताएका छन् । रूसको म्याड्रिडमा यही जून २८ देखि नेटो सम्मेलन शुरू भएको छ । सम्मेलन जारी हालसम्म जारी छ ।

**स्वीडेन र फिनल्यान्डलाई पुटिनको चेतावनी**

मस्को/एएनआई

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधवार फिनल्यान्ड र स्वीडेनलाई चेतावनी दिंदै यदि उनीहरूले नेटो सेना र सैन्य पूर्वाधारलाई आफ्नो क्षेत्रमा स्वागत गरेमा मस्कोले ठूलै जवाफ दिने बताएका छन् ।

तुर्कमेनिस्तानमा आयोजित पत्रकार सम्मेलनमा पुटिनले भने, "हामीले स्पष्ट र सटीकरूपमा बुझ्नुपर्छ, जबकि पहिले यहाँ कुनै खतरा थिएन तर यदि यहाँ सैन्य दस्ता र सैन्य पूर्वाधार तैनाथ गरियो भने हामीले संयमितरूपमा जवाफ दिनुपर्छ ।" यसैबीच, पुटिनले स्वीडेन र फिनल्यान्ड नेटोमा सामेल भएपनि रूसलाई चिन्ता नहुने बताएका छन् ।

"स्वीडेन र फिनल्यान्ड नेटोमा सामेल हुने कुरामा हामीलाई चिन्ता गर्ने कुनै कुरा छैन । यदि तिनीहरू सामेल हुन चाहन्छन् भने कृपया हुँदा हुन्छ," पुटिनले थपे ।

स्वीडेन र फिनल्यान्ड औपचारिकरूपमा दशकौंदेखिको तटस्थताको अन्त्य गर्न र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो)मा सामेल हुन तयार छन्, जुन गठबन्धनको लागि ऐतिहासिक सफलता हो ।

सिएनएनका अनुसार टर्कीले मङ्गलवार आफ्नो जारी विरोधबाट पछि हट्दा नेटो ब्लकमा दुई राष्ट्रको प्रवेशको अवरोध भने हटेको छ ।

त्यो सफलता म्याड्रिडमा नेटो शिखर सम्मेलनको क्रममा आयो, जुन पहिले नै इतिहासको सबैभन्दा परिणामकारी बैठकहरूमध्ये एक भएको छ ।

टर्कीले आफ्नो विरोध हटाएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधवार टर्कीका समकक्षी रिसेप तैयप एर्डोगानलाई भेटघाटको शुरूमैं धन्यवाद दिएका थिए ।

बाइडेनले एर्डोगानलाई भने, "फिनल्यान्ड र स्वीडेनको अवस्थालाई एकसाथ राखेर तपाईंले के गर्नुभयो र युक्रेनबाट खाद्यान्न बाहिर निकाल्न तपाईंले प्रयास गरिरहनुभएको सबै अविश्वसनीय कामका लागि म तपाईंलाई विशेष धन्यवाद दिन चाहन्छु ।"

युक्रेनबाट अनाज निर्यात गर्ने विषयमा टर्कीले रूससँग छलफल गरिरहेको छ । एर्डोगानले कूटनीतिक माध्यमले युक्रेनबाट अन्न बाहिर निकाल्न मदत गर्नेछ भन्ने आशा राखेको पनि सिएनएनले उल्लेख गरेको छ ।

"म प्रार्थना गर्दछु, हामीले कूटनीतिमार्फत सन्तुलन पुनः स्थापित गर्न सक्षम हुनेछौं ताकि सकारात्मक परिणामहरू खेती गर्न सकियोस्, विशेषगरी अनाजको सन्दर्भमा," एर्डोगानले बाइडेनलाई आग्रह गरेका छन् ।

यसैबीच, नेटो शिखर सम्मेलन मङ्गलवार म्याड्रिडमा शुरू भएको छ, जसले पश्चिमी सैन्य गठबन्धनलाई मस्कोविरुद्ध संयुक्त मोर्चा प्रदर्शन गर्न उद्दत गरेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – प्रगति |
| धनु – रोगभय | मकर – यात्रालाभ |
| कुम्भ – कडाश्रम | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### मल अभावमा पर्सा....

नेपालमा रासायनिक मलको अभावसँगै सीमापारि मलको भाउ बढेको छ । जगरनाथपुर गापा–३ का किसान उपेन्द्र यादवले रु आठ सय पर्ने युरिया मलको बोरा अहिले रु एक हजार ८०० पुगेको बताए । त्यस्तै, रु दुई हजार २०० पर्ने डिएपी मल अहिले रु तीन हजार पुगेको उनले बताए । नेपाली बजारमा प्रतिकिलो रु १८ पर्ने युरिया मल अहिले प्रतिकिलो रु ४५ मा खरीद गर्नुपरेको किसानहरूले गुनासो गरेका छन् ।

जीराभवानी गापा–३ मा रहेको सुपौली कृषि सहकारी संस्थाका दीपक चौधरीले मल उपलब्ध गराउने दुई निकायमध्ये साल्ट ट्रेडिङ कम्पनीले एकपटक डिएपी मल दिएको र अर्कोपटक कहिले दिने ठेकान नभएको बताए ।

प्राप्त मल वडाको निगरानीमा सबै किसानलाई बराबर वितरण गरेको चौधरीले बताए । युरिया मल नआएको तथा कृषि सामग्री कम्पनीले पनि कहिले मल वितरण गर्ने ठेगान नभएको चौधरीको भनाइ छ ।

### निजगढ अन्तर्राष्ट्रिय विमानस्थल...

हुनुपर्दछ । अन्यथा यसको महत्त्व घट्ने मात्रै नभई आर्थिक घाटासमेत हुने विज्ञहरूको भनाइ छ । यी तीनवटै आयोजना सञ्चालनमा आउने हो भने एक दशकमा नै नेपालको आर्थिक समृद्धि बढ्नेछ ।

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिंदा पहिलो चरणमा बढीमा तीन लाख रूख मासिन सक्ने बताइएको छ । रूख कटान भएपनि विमानस्थल निर्माण भइसक्दासम्म अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको आधुनिक ढङ्गले हरियाली भइसक्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाका तत्कालीन प्रमुख ओम शर्माको भनाइ छ ।

निजगढ विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणको लागि १९ सय हेक्टर अर्थात् दुई हजार ८५० बिघा वनक्षेत्र आवश्यक पर्ने जनाइएको छ । जसभित्रमा ७३१ बिघा १४ कट्ठा क्षेत्रफल वनको जमीनमा टाँगियाबस्ती रहेको छ । जहा घरधुरी सङ्ख्या भने एक हजार ४७६ छ भने करीब आठ हजार जनसङ्ख्या बसोबास गर्छन् ।

निजगढ विमानस्थल निर्माण गरिने क्षेत्रमा पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढबाट पसाहा पुलसम्म बाक्लो र घना वनजङ्गल देखिए पनि विमानस्थल निर्माण गरिने क्षेत्रको लगभग बीच भागमा उक्त टाँगियाबस्ती रहेको छ भने कैयौं स्थानमा झाडी, बुट्यान, चउरसमेतले ढाकिएको छ ।

शहीदचोकमा आज भएको कार्यक्रममा जिल्ला समन्वय समिति बाराका उपप्रमुख चण्डिका उप्रेती, निजगढकी पूर्वउपप्रमुख लीलादेवी लामिछाने, युवा समाजसेवी विनोद भारतीलगायतले मन्तव्य राखेका थिए ।


**निजगढ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**निजगढ, बारा**
**मधेस प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७९।०३।१७ गते)**

यस नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट आव २०७९/८० का लागि निम्न अनुसारको आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरू पालना गर्नेगरी इच्छुक व्यक्ति वा फर्म वा कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सो कार्यहरूका लागि सिलबन्दी दरभाउपत्र आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१) व्यक्तिले सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्न नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ । अन्य फर्म, सङ्घसंस्था, कम्पनीले अद्यावधिक गरेको फर्म दर्ता प्रमाणपत्र, आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र आव २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ ।

२) यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र फाराम दस्तुरबापत रु १०००/– (फिर्ता नहुनेगरी) तिरी यस कार्यालयबाट कार्यालय समयमा खरीद गरी १६औं दिनको मध्याह्न १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।

३) रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू सोही दिन अपराह्न ४:०० बजे यस कार्यालयमा कार्यालय प्रतिनिधि, सम्बन्धित दरभाउपत्रदाताका प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

४) दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा धरौटीबापतको रकमको हकमा नेपाली नागरिक भए कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैंक, निजगढस्थित धरौटी खाता नं ०५०७६००६७६०५००२६ मा नगदै दाखिला गरी वा वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी (बिडबन्ड)साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

५) ठेक्का स्वीकृत भएपछि ठेकेदारले आफूले कबोल गरेको रकम एकमुस्ट अग्रिमरूपमा बुझाएमा १० (दश) प्रतिशत सहुलियतबापत छुट दिइनेछ ।

६) ठेक्का स्वीकृत भएपछि ठेकेदार वा ठेकेदार कम्पनीले सम्झौता गर्नुअघि आफूले कबोल गरेको अङ्कको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (VAT) रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र फाराममा दरभाउपत्रदाताले तोकिएको न्यूनतम अङ्कभन्दा कम कबोल गर्न पाउनेछैन । दरभाउपत्रदाताले दरभाउपत्र फाराममा कबोल गरेको अङ्क अक्षरमा समेत स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

८) ठेक्का स्वीकृत भएपछि प्रचलित कानूनबमोजिम बुझाउनुपर्ने करहरू ठेकेदार स्वयम्ले बुझाउनुपर्नेछ ।

९) कानूनले निषेध गरेको वस्तु वा सामानमा कर लिन पाइनेछैन । साथै नगरपालिकाले विकास निर्माण कार्यमा प्रयोग गर्ने वस्तुमा कुनै किसिमको कर, दस्तुर लिन पाइनेछैन र सोबापत कुनै माफी मिनहाको दाबी गर्नसमेत पाइनेछैन ।

१०) बन्द, हडताललगायत नगरवासीहरूले ठेक्का चलन गर्न नदिएको जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपूर्ति पुग्न गएमा ठेकेदार स्वयम् जिम्मेवार हुनुपर्नेछ । सोबापतको कुनै क्षतिपूर्ति मागदाबी गर्न पाइनेछैन ।

११) दरभाउपत्र फाराम खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सोपछि कार्यालय खुलेको दिन दरभाउपत्र फाराम खरीद तथा तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ ।

१२) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३) ठेक्का लिने पक्षले प्रचलित कानूनबमोजिम तथा दरभाउपत्र फाराममा संलग्न शर्तहरू एवं सम्झौताका शर्तहरू पूर्णरूपमा पालना गर्नुपर्नेछ । कार्यालयलाई क्षति पुग्ने कार्य गरेमा सोको क्षतिपूर्ति ठेकेदारबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१४) सम्बन्धित कर तथा शुल्कका दरहरू दरभाउपत्र फाराम साथ ठेकेदारलाई उपलब्ध गराइनेछ । साथै यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१५) ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८० असार मसान्तसम्म कायम रहनेछ ।

१६) यससँग सम्बन्धित अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयको खरीद एकाइ वा राजस्व उपशाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१७) यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

| ठेक्का नम्बर | ठेक्काको प्रकार | कार्यक्षेत्र | न्यूनतम अङ्क |
|---|---|---|---|
| NM/NH/078/079 | निजगढ हाटबजार | निजगढ बजार क्षेत्र | 18,72,090/– |
| NM/BHS/078/079 | भरतगंज सिंगौल हाटबजार | सिंगौल बजार क्षेत्र | 4,96,100/– |
| NM/RH/078/079 | रतनपुर हाटबजार | रतनपुर बजार क्षेत्र | 4,40,006/– |
| NM/WM/078/079 | फोहोरमैला व्यवस्थापन शुल्क | निजगढ क्षेत्रबाट बिक्री वितरण भएका चौपायाहरू | 7,82,100/– |



## वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ ।

**वीरगंज महानगरपालिका कार्यालय**



**कुशवाहा मोटर्स**
वीरगंज–१४, पर्सा

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP)

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | E-Cargo Loader with Charger | Three Wheeler | KM POWER | KTLQ | 1+800 | China | 1 Pcs | 2,68,522.78 | 2,68,522.78 | |

विक्रेता फर्म नामः कुशवाहा मोटर्स, ठेगानाः वीरगंज–१४, पर्सा, पान नं. 605202391, एक्जिम कोड - 6052023910128NP, Mobile No. 9801082474

# नारायणी वयोधा अस्पताल मेडिसिटी हस्पिटलले किन्दै

प्रस, परवानीपुर, १६ असार/

वीरगंजको गण्डकमा रहेको नारायणी वयोधा अस्पताल बिक्री हुन लागेको छ । गैरआवासीय नेपाली सङ्घका संस्थापक अध्यक्ष एवं मेडिसिटी हस्पिटलका चेयरपर्सन डा उपेन्द्र महतोको समूहले नारायणी वयोधा हस्पिटलको बहुसङ्ख्यक शेयर खरीद गर्ने प्रक्रिया शुरू गरेको छ । सय शय्याको यो हस्पिटलको करीब रु एक अर्ब मूल्याङ्कन गरी खरीद–बिक्री प्रक्रिया शुरू भएको बताइएको छ । पछिल्लो समयमा डा महतोले स्वास्थ्य क्षेत्रमा आक्रामक लगानी गरिरहेका छन् ।

मेडिसिटीबाहेक उनको चाबहिलमा रहेको मेडिकेयरमा समेत लगानी छ भने धापासीमा रहेको ग्रान्डी इन्टरनेशनल हस्पिटलमा २५ प्रतिशत शेयर हिस्सा छ। नारायणी वयोधा हस्पिटलका सञ्चालकहरूका अनुसार अस्पतालको बहुसङ्ख्यक शेयर बिक्री गर्ने प्रक्रियामा आफूहरू रहेकाले धेरै कुरा गर्न नमिल्ने बताएका छन् ।

स्रोतका अनुसार कम्पनी ऐन अनुसार कुनै पनि कम्पनीको ४९ प्रतिशतभन्दा बढी शेयर एक आवमा खरीद गर्न नमिल्ने भएकोले असार मसान्तभित्र त्योभन्दा कम र आगामी आर्थिक वर्ष २०७९/८० को साउन मसान्तसम्म बहुसङ्ख्यक शेयरको बाँकी शेयर खरीद गरी खरीद–बिक्रीको प्रक्रिया पूरा गर्ने तयारी रहेको बताइएको छ ।

स्रोतका अनुसार ६० प्रतिशत शेयर



तस्वीरः फाइल

मेडिसिटीले लिने, २५ प्रतिशत शेयर पुराना लगानीकर्ता आफैंले राख्ने र १५ प्रतिशत शेयर वीरगंजका उद्योगी राजेश अग्रवालको सौरभ समूहले लिएको प्राप्त सूचनामा जनाइएको छ ।

यस विषयमा सौरभ समूह अन्तर्गत जीतपुरको छातापिपरामा सञ्चालित शुभश्री जगदम्बा सिमेन्टका स्थानीय साझेदार सञ्चालक राजेश अग्रवालले पनि हस्पिटल खरीद–बिक्री भइरहेको पुष्टि गरे। उनले अस्पतालमा थप लगानी गरेर अझै सुविधासम्पन्न बनाउने नयाँ लगानीकर्ताहरूको लक्ष्य रहेको बताए । उनले केही दिनमैं पत्रकार सम्मेलन गरी थप विवरणसहित जानकारी गराउने बताए ।

यस अस्पतालमा पहिले भारतीय लगानीकर्ता डा रञ्जीत कुमार र वीरगंजका उद्योगी अशोक बैदलगायतको लगानी थियो ।

अस्पतालको व्यवस्थापन मेडिसिटी समूहले सम्हालिसकेको छ। हस्पिटलको नारायणी मेडिसिटी वयोधा हस्पिटलको नामबाट सञ्चालनमा आइसकेको छ । गत दुई वर्षदेखि सञ्चालनमा आएको नारायणी वयोधा हस्पिटल घाटामा रहेको कारण पुराना सञ्चालकहरू लगानी उठाउन शेयर बिक्री गर्ने निर्णयमा पुगेका हुन् भने नयाँ खरीदकर्ता सञ्चालकहरूले नयाँ सिराबाट अस्पताललाई सञ्चालन गरी वीरगंजमा प्रभावकारी स्वास्थ्य सेवा दिने लक्ष्य राखेको बताएका छन् ।

# विद्यार्थीहरूलाई लागूऔषधबारे सचेतनामूलक कार्यक्रम

प्रस, वीरगंज, १६ असार/

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरको आयोजनामा वीरगंज महानगर–२४ बहुअरीमा लागूऔषध दुरुपयोग तथा ओसारपसारसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

बहुअरीस्थित शारदा माविमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थीहरूलाई लागूऔषध दुरुपयोग तथा ओसारपसार सम्बन्धमा वडा प्रहरी कार्यालय, बिर्ता र श्रीपुरका प्रहरी निरीक्षकद्वय डिल्लीराज सापकोटा, विशाल मल्ल, ट्राफिक प्रहरी निरीक्षक ध्रुव दाहाल, ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले प्रशिक्षण दिएका थिए । विद्यार्थीहरूलाई १३ देखि १९ वर्षसम्मको अवधि जोखिमपूर्ण भएको र यसै अवधिमा साथीसङ्गतबाट लागूऔषधको कुलतको शिकार हुने हुँदा सो अवधिका विद्यार्थीहरूलाई गलत सङ्गत नगर्न सुझाव दिइएको थियो ।

यसैगरी, कुलतमा लागेकाहरूले विद्यार्थीहरूलाई लागूऔषध ओसारपसारमा संलग्न गराउन सक्ने हुनाले गलत सङ्गतमा नपर्न र आफ्ना सवारीसाधनमा त्यस्ता शङ्कास्पद व्यक्तिहरूलाई सवार नगराउन सुझाइएको थियो ।

कार्यक्रममा लागूऔषधसम्बन्धी कानून, दण्ड, सजायको बारेमा समेत



तस्वीरः सौजन्य

जानकारी गराउँदै कुलतमा लागेका व्यक्तिबारे प्रहरीलाई सूचना दिन भनिएको थियो। कार्यक्रम प्रधानाध्यापक दयाकान्त झाको अध्यक्षतामा भएको थियो भने सामुदायिक सेवा केन्द्र, श्रीपुरका सचिव दीलिप प्रधान, ग्रीन सिटीका उपाध्यक्ष सञ्जय शर्मा, कोषाध्यक्ष ज्योति रूँगटा, श्याम कुशवाहा, चन्द्र अग्रवाल, रतन टेमानी, छोटेलाल साहलगायतको सहभागिता थियो ।

# नेरा पद्म माविको भवन शिलान्यास

प्रस, पोखरिया, १६ असार/

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम


तस्वीरः प्रतीक

अन्तर्गत नेपाल राष्ट्रिय पद्म मावि, रानीगंजको दुई कोठे पक्की भवनको शिलान्यास गरिएको छ ।

नगरप्रमुख प्रद्युम्न चौहानले रु १८ लाखको लागतमा उपभोक्ता समितिमार्फत निर्माण हुन लागेको सो पक्की भवनको शुक्रवार शिलान्यास गरेका हुन् ।

पोखरिया नपा–६ रानीगंजस्थित नेरा पद्म माविमा दुई कोठे पक्की भवन निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्न नगरप्रमुख चौहानले निर्देशन दिए ।

विद्यालयका प्रअ लालबाबू चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, वडाध्यक्ष सियानन्द चौहान, नेकपा एमाले पोखरिया नगर अध्यक्ष विन्देश्वर ठाकुरलगायतको सहभागिता थियो ।

यसैगरी, सोही कार्यक्रम अन्तर्गत पोखरिया नपा–५ नेराआवि, जगतपुरमा रु ३६ लाखको लागतमा चार कोठे पक्की भवन निर्माण भइरहेको पोखरिया नपा शिक्षा शाखा प्रमुख विजय झाले बताए। राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत रेडक्रस मावि, पोखरिया, नेराप्रावि, झकरा लम्हरिया र नेपाल आधारभूत विद्यालय, श्रीसियामा शैक्षिक सामग्री खरीदका लागि साढे ६/साढे ६ लाख प्रदान गरिएको छ ।

# मधेस प्रदेशका शहीद परिवारलाई भरणपोषण र छात्रवृत्ति

जनकपुर, १६ असार/रासस

मधेस आन्दोलन र जनयुद्धका क्रममा शहीद हुनेको परिवारलाई



तस्वीरः फाइल

भरणपोषणबापत मधेस प्रदेश सरकारले आर्थिक सहयोग प्रदान गर्ने भएको छ ।

शहीद परिवारको भरणपोषणबापत प्रदेशको गृह तथा सञ्चार मन्त्रालयले मधेसी शहीद प्रतिष्ठानमार्फत शहीद परिवारलाई मासिक रु १२ हजार आर्थिक सहयोग प्रदान गर्न लागेको हो ।

यस्तै शहीद परिवारका छोराछोरीलाई निश्शुल्क पठनपाठनका लागि छात्रवृत्तिसमेत दिन लागिएको मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिए ।

"शहीद परिवारको भरणपोषण तथा छात्रवृत्तिका लागि आवेदन दिन हामीले सूचना जारी गरेका छौं"–उनले भने–"यसका लागि प्रदेश सरकारले यस वर्ष रु एक करोड विनियोजन गरेको छ, अब कतिको सङ्ख्यामा आवेदन आउँछ त्यही हिसाबले हामी रकम वितरण गर्छौं। कार्यविधिमा रु २१ हजारसम्म दिने भनिएको छ, निवेदन कतिको सङ्ख्यामा आउँछ त्यही अनुसार रकम घटबढ पनि हुन सक्छ ।"

शहीद परिवारका छोराछोरीलाई कक्षा १ देखि ६ सम्म रु १६ हजार र कक्षा ७ देखि १२ सम्मलाई रु १८ हजार एकमुस्ट वार्षिक छात्रवृत्ति दिन लागिएको सचिव महतोले बताए। प्रदेश सरकारको भरणपोषण तथा छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७९ को दफा (६) बमोजिम मधेस आन्दोलन तथा जनयुद्धमा शहीद भएका परिवारमध्ये आर्थिक अवस्था कमजोर भएको परिवारलाई पहिलो प्राथमिकतामा राखी भरणपोषणबापत आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

## निजगढका अधिकांश सोलार...

राख्न नगर विकास कोषबाट प्राप्त ५० लाख ९५ हजार खर्च भएको छ भने यसअघि निजगढ नगरपालिकाकै आन्तरिक स्रोतबाट आठवटा सोलार बत्ती जडान गर्न रु सात लाखभन्दा बढी खर्च भएको थियो । सो बत्तीहरूको अवस्था पनि उस्तै छ ।

सोलार बत्तीको मर्मतसम्भारमा स्थानीय तहको ध्यान जानुपर्ने स्थानीयहरूको भनाइ छ। केही वर्षअघि समस्या देखिएका सोलार बत्तीलाई प्राविधिकहरूले मर्मतसम्भार गर्ने गरेका थिए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## वर्षात्को समयमा हुने पानीजन्य रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइट, आउँ, जन्डिस जस्ता रोग लाग्न सक्छ ।

त्यसैले :

- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं,
- पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिऔं,
- पानीलाई पियुष, अक्वाटचाब्स वा अन्य क्लोरिनजन्य कुराहरू हालेर शुद्धीकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**जावलाखेल ग्रुप अफ इन्डस्ट्रिज प्रा. लि.**
जावलाखेल, ललितपुर

## सवारीसाधनहरू बिक्रीसम्बन्धी सूचना

यस कम्पनीको नाममा रहेका तपसिल बमोजिमका सवारीसाधन जेजस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्ने भएकोले खरीद गर्न इच्छुक फर्म/कम्पनी/सङ्घ/संस्था वा व्यक्तिलाई यो सूचना प्रकाशित भएको ठेगानामा सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त सवारीसाधनहरू कम्पनीको कार्यालयमा सम्पर्क गरी उपर्युक्त सवारीसाधनहरू रहेको निम्न बमोजिमका स्थानमा गई निरीक्षण गर्न सकिन्छ ।

**बोलपत्र पेश गर्ने ठेगाना:**
जावलाखेल ग्रुप अफ इन्डस्ट्रिज प्रा. लि.
पोस्ट बक्स नं ४३२, काठमाडौं, नेपाल
सम्पर्क नं ०१-५५२२०१० / ९८५१०७९८०३

| क्र.सं. | सवारी साधनको विवरण | दर्ता नं. | सि.सि. | बनेको वर्ष | स्थान |
|---|---|---|---|---|---|
| १. | Bajaj Discover (Red) | ना.७प ३१७५ | १२४.६० | २००७ | वीरगंज |
| २. | Yamaha YBR (Red/Black) | ना.१६प ५३२ | १०६ | २०१० | वीरगंज |

**शर्तनामा:**

१. प्राप्त बोलपत्र पूरै स्वीकार वा अस्वीकार गर्ने/नगर्ने निर्णयको पूर्ण अधिकार कम्पनीमा निहित रहेको छ ।
२. प्रति दुई पाङ्ग्रे सवारी रु ५,०००/– (अक्षरेपि रु पाँच हजार मात्र) नगदै धरौटी बुझाइ बोलपत्र पेश गर्नुपर्नेछ । नगद धरौटी नबुझाए पेश गरेको बोलपत्र रद्द हुनेछ ।
३. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना प्रेषित गरेको मितिबाट ३० (तीस) दिनभित्र आफूले कबोल गरेको प्रस्तावित रकममा सवारीसाधन सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट नामसारी गरी नलगेको अवस्थामा बोलपत्र धरौटीबापतको रकम कम्पनीले जफत गर्नेछ ।
४. माथि उल्लिखित ठेगानाबाट बोलपत्र फाराम निश्शुल्क प्राप्त हुनेछ ।
५. आवश्यक कागजात बोलपत्रको साथमा पेश नगरिएको, रित नपुगेको र बोलपत्र पेश गर्ने म्याद नाघी आएका बोलपत्रहरू स्वयं रद्द हुनेछन् ।

**प्राप्त बोलपत्रसम्बन्धी निर्णय गर्ने पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।**